जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १३५ • २०८३ साल आश्विन १६ गते शुक्रबार (2 October, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।–


## प्रभु बैंकका सीईओ शर्मासहित चार जनाविरुद्ध ठगी मुद्दा दायर

**टुडे समाचारदाता**

वीरगञ्ज । प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुमन शर्मासहित चार जनाविरुद्ध ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी मुद्दा दायर भएको छ। पर्सा जिल्ला अदालतमा अञ्जली इन्टरनेसनलले दायर गरेको मुद्दामा तत्कालीन सनराइज बैंकका सीईओ शर्मासहित तीन जना कर्मचारीलाई प्रतिवादी बनाइएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी डीएसपी चक्रबहादुर मल्लका अनुसार तत्कालीन सनराइज बैंकका प्रमुख कार्यकारी अधिकृत रहेका शर्मासहित तत्कालीन नायब प्रबन्धक केदार सिंह, वरिष्ठ अधिकृत सुबोध जोशी र प्रमुख कर्जा प्रशासनमा कार्यरत नायब प्रबन्धक रविन्द्र केसीविरुद्ध मुद्दा दायर भएको छ।

अभियोगपत्र अनुसार अञ्जली इन्टरनेसनलले व्यवसाय विस्तारका लागि थप कर्जा माग गरेपछि तत्कालीन सनराइज बैंकबाट ३ करोड ८९ लाख ९४ हजार रुपैयाँ कर्जा स्वीकृत भएको थियो। तर स्वीकृत कर्जाको सुरक्षणका लागि करिब ८९ लाख रुपैयाँ बराबरको थप धितो समेत राखिएको आरोप छ।

अञ्जली इन्टरनेसनलकी सञ्चालक निर्मला देवीका छोरा सुनिल कुमार साह तेलीको नाममा रहेको बाराको अमावस्यास्थित कित्ता नम्बर २९९ को जग्गा बैंकको पक्षमा धितोबन्धक गरिएको अभियोगपत्रमा उल्लेख छ।

कर्जा स्वीकृत भएपछि बैंकले धितो रोक्का राखी लिलामी प्रक्रियासमेत अघि बढाएको तर कर्जा रकम भने उपलब्ध नगराएको दाबी अभियोगपत्रमा गरिएको छ। रकम उपलब्ध नभएपछि सम्बन्धित बैंक अधिकारीहरूसँग सम्पर्क गर्न खोज्दा उनीहरू सम्पर्कमा नआएको आरोपसमेत लगाइएको छ।

उजुरीकर्ताको दाबीअनुसार बैंकका अधिकारीहरूले आपसी मिलेमतोमा कर्जा स्वीकृत गराएको र त्यसका लागि आफन्तको नाममा रहेको जग्गा धितोमा लिए पनि कर्जा रकम उपलब्ध नगराई आफू तथा कम्पनीलाई आर्थिक क्षति पुऱ्याएको आरोप लगाइएको छ।

पर्सा प्रहरीले जनाए अनुसार प्रतिवादीहरू असोज २ गतेदेखि फरार रहेको भन्दै अदालतबाट कानुनबमोजिमको म्याद पुर्जी जारी गर्न माग गरिएको थियो।

### मधेशमा बढ्दो गाँजा ओसारपसार

## दुई वर्षमा करिब २० टनभन्दा बढी बरामद, हजारौँ पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहाको सुखीपुर नगरपालिका-१० स्थित विश्वकर्मा चोकको गागन खोलाको पुलबाट सशस्त्र प्रहरी बलले ११ क्वीन्टलभन्दा बढी गाँजा बरामद गरेको घटना मधेश प्रदेशमा ठूलो परिमाणमा भइरहेको प्रतिबन्धित गाँजा ओसारपसारको पछिल्लो उदाहरण बनेको छ।

सशस्त्र प्रहरीले जनाए अनुसार विशेष सूचनाका आधारमा राति करिब साढे १२ बजे बा १४ च २९४ नम्बरको बोलेरो र स ६ प ४८५९ नम्बरको अपाचे मोटरसाइकललाई पछ्याइएको थियो । सुरक्षाकर्मीको गाडी देखेपछि चालक तथा अन्य व्यक्ति सवारीसाधन छाडेर फरार भएका थिए। त्यसपछि २६ वटा बोरामा राखिएको ११ क्वीन्टल २ किलो ६ सय ५५ ग्राम अर्थात् १ हजार १०२ किलो ६ सय ५५ ग्राम गाँजा बरामद भएको छ।



मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांक अनुसार आर्थिक वर्ष २०८०/८१ मा प्रदेशका आठ जिल्लाबाट ८ हजार ५ सय ४० किलो ९ सय ५० ग्राम गाँजा बरामद भएको थियो । आर्थिक वर्ष २०८१/८२ मा बरामद परिमाण बढेर १२ हजार ३ सय ९१ किलो ६ सय ६ ग्राम पुगेको थियो। दुई आर्थिक वर्षको तथ्यांक जोड्दा प्रदेशबाट २० हजार ९ सय ३२ किलो ५ सय ५६ ग्राम अर्थात करिब २०.९३ टन गाँजा बरामद भएको देखिन्छ।

यस अवधिमा लागूऔषधसम्बन्धी घटनामा आर्थिक वर्ष २०८०/८१ मा १ हजार १०४ जना पक्राउ परेका थिए भने ७९७ वटा मुद्दा दर्ता भएका थिए । आर्थिक वर्ष २०८१/८२ मा ८३६ जना पक्राउ परेका र ५८५ वटा मुद्दा दर्ता भएको जनाइएको छ।

मधेशमा पछिल्ला वर्षमा ठूलो परिमाणमा गाँजा बरामद हुने जिल्लामध्ये सप्तरी अगाडि देखिएको छ। सार्वजनिक प्रहरी विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ मा सप्तरीबाट करिब ६ हजार १० किलो गाँजा बरामद भएको थियो । साउनदेखि चैतसम्मको अवधिमा मात्रै ६ हजार २४८ किलो गाँजा बरामद भएको र ३२ जना पक्राउ परेको विवरणसमेत सार्वजनिक भएको छ।

त्यस्तै सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५ बाट तीनवटा सवार ीसाधनबाट ३ हजार ३ सय ३२ किलो ४ सय ६० ग्राम गाँजा बरामद भएको थियो। सवारीसाधनका चालक भने फरार भएका थिए। यसअघि सप्तरीकै राजगढ क्षेत्रमा करिब १७ क्वीन्टल गाँजा बरामद भएको थियो । प्रहरीले जनाए अनुसार पहाडी क्षेत्रबाट ल्याइएको गाँजा सप्तरीमा भण्डारण गरी सीमावर्ती बाटो हुँदै भारत लैजाने प्रयास हुने गरेको पाइएको छ।

सर्लाहीको लालबन्दी नगरपालिका-१४ मिलनचोकमा प्रहरीले २०८१ जेठमा दुईवटा घरमा खानतलासी गर्दा १ हजार ६ सय १२ किलो ८ सय ५० ग्राम गाँजा बरामद गरेको थियो । घरका विभिन्न कोठामा ड्रम तथा बोरामा लुकाएर राखिएको गाँजासँगै च्याप्ने मेसिनसमेत बरामद भएको प्रहरीले जनाएको थियो।

यस घटनाले गाँजा सीमाबाट तत्काल पार गराउने मात्र नभई मधेशका विभिन्न स्थानमा भण्डारण गरेर राख्ने गरेको अवस्थासमेत देखाउँछ।

सिरहाको लहान, गोलबजार, मिर्चैया र सुखीपुर क्षेत्रमा गाँजा ओसार पसारका घटना पटक-पटक सार्वजनिक हुँदै आएको छ। लहान नगरपालिका-३ बाट पिकअपमा फलफूलका क्रेटभित्र लुकाइएको ६५२ किलो गाँजा बरामद गरी तीन जना पक्राउ गरिएको थियो।

पछिल्लो सुखीपुर घटनामा भने एक टनभन्दा बढी गाँजा बरामद भएको छ। ठूलो परिमाणका घटनामा चालक तथा सहयोगीहरू सवारीसाधन छाडेर फरार हुने प्रवृत्तिले गाँजा कारोबारको मुख्य सञ्जालसम्म पुग्नु सुरक्षा निकायका लागि चुनौती बनेको छ।

प्रहरीले जनाए अनुसार मकवानपुर, सिन्धुलीलगायत पहाडी क्षेत्रबाट गाँजा ल्याएर मधेशका सीमावर्ती जिल्लामार्फत भारतीय बजारतर्फ लैजाने प्रयास हुने गरेको छ। पक्राउ परेकाहरूको बयानका आधारमा भारतीय सीमावर्ती बजार गाँजाको प्रमुख गन्तव्य हुने गरेको प्रहरीको भनाइ छ।

खुला नेपाल-भारत सीमा, ग्रामीण तथा वैकल्पिक सडकको प्रयोग र सीमावर्ती क्षेत्रमा हुने आवतजावतका कारण गाँजा नियन्त्रण चुनौतीपूर्ण बनेको छ। दुई वर्षमा २०.९३ टनभन्दा बढी गाँजा बरामद भएको तथ्यांकले देखाएको छ।

## अढाइ अर्बको क्रिप्टो कारोबारी ५ लाख धरौटीमा रिहा

**अनिल तिवारी**

वीरगञ्ज । क्रिप्टोकरेन्सी कारोबार तथा हुण्डीमार्फत ठूलो रकम ओसारपसार गरेको आरोपमा पक्राउ परेका तीन नेपाली नागरिकमध्ये एक जना ५ लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका छन् भने दुई जना धरौटी बुझाउन नसकेपछि कारागार चलान भएका छन्। प्रहरीले अनुसन्धानका क्रममा करिब २ अर्ब ३९ करोड रुपैयाँ बराबरको शंकास्पद वित्तीय कारोबार फेला पारे पनि जिल्ला सरकारी वकिल कार्यालय पर्साले हुण्डी कारोबारसम्बन्धी कसुरमा मात्र अभियोगपत्र दायर गरेपछि मुद्दा साउन २५ गते वीरगञ्ज महानगरपालिका-१० आदर्शनगरबाट ५२ लाख ५० हजार रुपैयाँ नगदसहित चार जना पक्राउ परेका थिए। भारतको रक्सौलबाट मोटरसाइकल सीमित बनेको छ।



केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र जिल्ला प्रहरी कार्यालय पर्साले संयुक्त रूपमा सञ्चालन गरेको कारबाहीका क्रममा गत साउन २५ गते वीरगञ्ज महानगरपालिका-१० आदर्शनगरबाट ५२ लाख ५० हजार रुपैयाँ नगदसहित चार जना पक्राउ परेका थिए। भारतको रक्सौलबाट मोटरसाइकलमा हुण्डीको रकम नेपाल भित्र्याउँदै गरेको अवस्थामा उनीहरू पक्राउ परेको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा बाराको प्रसौनी गाउँपालिका-१ का २६ वर्षीय सागरकुमार साह र ३२ वर्षीय उपेन्द्रकुमार साह, पर्साको विन्दवासिनी गाउँपालिका-४ का २५ वर्षीय राहुलकुमार गुप्ता तथा भारत बिहारका २६ वर्षीय सुरजकुमार रहेका छन्।

थुनछेक बहसपछि गत बिहीबार जिल्ला अदालत पर्साका न्यायाधीश ठाकुर खरेलको इजलासले भारतीय नागरिक सुरजकुमारबाहेक तीन नेपाली प्रतिवादीसँग जनही ५ लाख रुपैयाँ धरौटी माग गरेको थियो । सागरकुमार साहले धरौटी रकम बुझाएर रिहा भएका छन् । उपेन्द्रकुमार साह र राहुलकुमार गुप्ताले धरौटी बुझाउन नसकेपछि कारागार चलान भएका छन्।

प्रहरी अनुसन्धान अनुसार पक्राउ परेका चार जनाले विभिन्न बैंक खातामार्फत ठूलो रकमको कारोबार गरेका थिए । सागरकुमार साहले १७ वटा बैंक खातामार्फत १ अर्ब ३९ करोड ९८ लाख १२ हजार २ सय ७७ रुपैयाँ बराबरको कारोबार गरेको प्रहरीको दाबी छ।

त्यस्तै, उपेन्द्रकुमार साहले नौवटा खातामार्फत ४६ करोड ९७ लाख ५ हजार ४ सय ३४ रुपैयाँ, राहुलकुमार गुप्ताले १३ वटा खातामार्फत ३ करोड ७ लाख ६६ हजार ३ सय ७० रुपैयाँ र सुरजकुमारले विभिन्न खातामार्फत ३ करोड ८९ लाख १६ हजार ६ सय ६९ रुपैयाँ बराबरको कारोबार गरेको अनुसन्धानमा देखिएको प्रहरीले जनाएको छ।

बैंक खाताका विवरण, भौचर, मोबाइल फोन, ह्वाट्सएप च्याट तथा डिजिटल कारोबारको विश्लेषणबाट यस्तो गतिविधि देखलाई जोड्दा कुल रकम २ अर्ब ३९ करोड २२ लाख ६८ हजार ७ सय ९३ रुपैयाँ पुग्छ।

प्रहरीको अनुसार पक्राउ परेका चार जनासहित करिब १० जनाको समूह भारतको रक्सौल, मोतिहारीलगायत सीमावर्ती सहरबाट हुण्डीमार्फत रकम नेपाल भित्र्याउने र डिजिटल माध्यमबाट विदेशमा रकम पठाउने गतिविधिमा संलग्न थियो।

नेपाल ल्याइएको रकम विभिन्न व्यक्तिका बैंक खातामा जम्मा गर्ने, त्यसपछि फोनपे, कनेक्ट आईपीएसलगायत डिजिटल माध्यमबाट अर्को खातामा रकम स्थानान्तरण गर्ने र स्थानीय व्यवसायीसँग नगद साटासाट गर्ने शैली अपनाइएको प्रहरीको अनुसन्धान निष्कर्ष छ। बैंक खाताका विवरण, भौचर, मोबाइल फोन, ह्वाट्सएप च्याट तथा डिजिटल कारोबारको विश्लेषणबाट यस्तो गतिविधि देखिएको प्रहरीले जनाएको छ।

प्रहरीले शुरुमा संगठित अपराध, हुण्डी कारोबार र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान गरी कारबाहीका लागि प्रतिवेदन तयार पारेको थियो । तर जिल्ला सरकारी वकिल कार्यालय पर्साले पक्राउ परेका प्रतिवादीविरुद्ध हुण्डी कारोबारसम्बन्धी कसुरमा मात्र अभियोगपत्र दायर गरेको छ। ठूलो रकम कारोबार भएको देखिए पनि रकम अन्य कुन-कुन व्यक्तिको खातामा, कुन प्रयोजनका लागि र अन्ततः कसको लाभमा प्रयोग भयो भन्ने कुरा पर्याप्त रूपमा खुल्न सके अपुग देखियो। बैंकिङ कारोबार र सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयमा पर्याप्त आधार नदेखिएपछि अभियोगपत्र दायर गरिएको बताइएको छ।

सरकारी वकिल कार्यालयका सूचना अधिकारी तथा सहायक जिल्ला न्यायाधिवक्ता अनन्त न्यौपानेका अनुसार प्रहरीले अनुसन्धानका लागि अदालतबाट ४६ दिनको म्याद पाएको थियो। उक्त अवधिमा प्राप्त प्रमाणका आधारमा हुण्डीसम्बन्धी अभियोगपत्र दायर गरिएको उनले बताए।

उनले जनाए अनुसार प्रतिवादीहरूको खातामा ठूलो रकम कारोबार भएको देखिए पनि रकम अन्य कुन-कुन व्यक्तिको खातामा, कुन प्रयोजनका लागि र अन्ततः कसको लाभमा प्रयोग भयो भन्ने कुरा पर्याप्त रूपमा खुल्न सकेको छैन । प्रतिवादीहरूको जायजेथाबारे समेत अनुसन्धानबाट स्पष्ट तथ्य नआएको उनले बताए।

"हुण्डीबाहेकका अन्य कसुरमा प्रहरीको अनुसन्धान अपुग देखियो । बैंकिङ कारोबार र सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयमा पर्याप्त आधार नदेखिएपछि अभियोगपत्र दायर गरिएको हो," न्यौपानेले भने, "थप तथ्य खुल्दै गएमा पछि अन्य मुद्दा चलाउन सकिन्छ।"

पर्सा प्रहरीले भने अनुसन्धानका क्रममा तीनवटै कानुनी आधारमा अनुसन्धान गरी प्रतिवेदन सरकारी वकिल कार्यालयमा पठाएको जनाएको छ।

पर्सा प्रहरी प्रवक्ता डीएसपी चक्रबहादुर मल्लले प्रहरीले आफ्नो अनुसन्धानको समयभित्र तीनवटै विषय समेटेर प्रतिवेदन बुझाएको बताए।




जनकपुर टुडे

२०८३ साल आश्विन १६ गते शुक्रबार (2 October, Friday, 2026)

# 'हाम्रो कथा, हाम्रो पहिचान, नेपाली चलचित्र राष्ट्रको सम्मान' भन्ने नारासहित चलचित्र दिवस मनाइयो

काठमाण्डु । नेपालको पहिलो चलचित्र 'आमा' प्रदर्शन भएको दिनको स्मरणमा आज दोस्रो राष्ट्रिय चलचित्र दिवस मनाइएको छ। चलचित्र विकास बोर्डले देशमा पछिल्लो समय आएको विपत्तिका कारण कुनै औपचारिक कार्यक्रम आयोजना नगरी आन्तरिक रूपमा शुभकामना आदानप्रदान गरी दिवस मनाएको हो।

भोटेकोशी नदीमा गएको बाढीलगायत मौसमजन्य विपत्तिका कारण मुलुकका विभिन्न क्षेत्र प्रभावित भएकाले यस वर्ष दिवसलाई औपचारिक कार्यक्रम नगरी मनाइएको चलचित्र विकास बोर्डका सदस्य-सचिव सविनसिंह चौधरीले जानकारी दिनुभयो । दिवसका अवसरमा बोर्डका कार्यवाहक अध्यक्ष रविलाल शर्मा र सदस्यसचिव चौधरीसहित कर्मचारीहरूको सहभागिता थियो।



दोस्रो राष्ट्रिय चलचित्र दिवसका लागि चलचित्र विकास बोर्डले 'हाम्रो कथा, हाम्रो पहिचान, नेपाली चलचित्र राष्ट्रको सम्मान' भन्ने नारा तय गरेको छ। दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै बोर्डका कार्यवाहक अध्यक्ष शर्मा भन्नुभयो, "नेपालको पहिलो चलचित्र 'आमा' सार्वजनिक प्रदर्शन भएको दिनको विशेष स्मरणमा हरेक वर्ष असोज १५ गतेलाई राष्ट्रिय चलचित्र दिवस मनाउने नेपाल सरकारको निर्णयअनुरूप आज नेपाली चलचित्र इतिहासकै एउटा गौरवशाली र ऐतिहासिक क्षणमा चलचित्र विकास बोर्डबाट 'हाम्रो कथा, हाम्रो पहिचान, नेपाली चलचित्र राष्ट्रको सम्मान' भन्ने नाराका साथ दोस्रो राष्ट्रिय चलचित्र दिवस मनाउने निधो भएको हो।"

"आजको यस विशेष दिनमा हामीले विगतको समीक्षा गर्दै वर्तमानका चुनौतीलाई चिरेर नेपाली चलचित्रको भविष्यलाई अझ बढी मर्यादित, व्यावसायिक र प्रविधिमैत्री बनाउने सङ्कल्प गर्नुपर्छ," कार्यवाहक अध्यक्ष शर्माले भन्नुभयो, "नेपाली माटोको सुगन्ध, हाम्रो मौलिक संस्कृति र सामाजिक यथार्थलाई पर्दामा उतार्दै विश्वमाझ नेपालीपनको पहिचान फैलाउनु हामी सबैको साझा दायित्व हो।" उहाँले नेपाली चलचित्र उद्योगको चौतर्फी विकास, चलचित्रकर्मीको हकहित संरक्षण तथा नेपाली चलचित्रलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन चलचित्र विकास बोर्ड नीतिगत सुधार र रचनात्मक कार्यमा निरन्तर रहने प्रतिबद्ध व्यक्त गर्नुभयो।

कार्यवाहक अध्यक्ष शर्माले नेपाली चलचित्रको जग बसाल्न योगदान पुऱ्याउनुहुने अग्रज चलचित्रकर्मीप्रति कृतज्ञता व्यक्त गर्दै विपद्बाट प्रभावित व्यक्ति तथा परिवारलाई सरकारले सुरु गरेको राहत तथा पुनःस्थापनाको कार्यमा सक्दो सहयोग गर्न बोर्ड सम्बद्ध सबैमा आग्रह गर्नुभयो।

यसैबीच सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सम्पूर्ण नेपाली चलचित्रकर्मी, कलाकार, निर्देशक, निर्माता, प्राविधिक तथा चलचित्र क्षेत्रसँग आबद्ध सबैमा शुभकामना व्यक्त गर्नुभएको छ । चलचित्र दिवसका अवसरमा जारी गर्नुभएको शुभकामना सन्देशमा मन्त्री तिमिल्सिनाले नेपाली चलचित्रलाई कला, संस्कृति, मौलिकता र राष्ट्रिय पहिचान उजागर गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा उल्लेख गर्नुभएको छ। नेपाली समाजका कथा, सम्वेदना र सृजनशीलतालाई पर्दामार्फत प्रस्तुत गर्दै चलचित्र क्षेत्रको विकास र प्रवर्द्धनमा नेपाली चलचित्रकर्मीले पुऱ्याउनुभएको योगदानप्रति उहाँले उच्च सम्मान व्यक्त गर्नुभएको छ।

राष्ट्रिय चलचित्र दिवसले नेपाली चलचित्रको इतिहास, योगदान र वर्तमान अवस्थाको समीक्षा गर्दै आगामी दिनमा चलचित्र क्षेत्रलाई अझ व्यवस्थित, व्यावसायिक र विश्व बजारमा प्रतिस्पर्धी बनाउने दिशामा प्रेरणा प्रदान गर्ने छ। रासस

# नीतिलाई कार्यान्वयनमा रूपान्तरण गर्न सरोकारवालाको साझा जवाफदेहिता आवश्यक

**टुडे समाचारदाता**

जनकपुरधाम । शिक्षा क्षेत्रका नीति तथा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयनमा रूपान्तरण गर्न सबै सरोकारवालाको साझा जवाफदेहिता आवश्यक रहेकोमा जोड दिइएको छ।

जनकपुरधाममा बिहीबार कारखाना समूहको आयोजनामा आयोजित 'नीतिलाई कार्यान्वयनमा रूपान्तरण गर्दैः प्रभावकारी कक्षाकोठाका लागि सरोकारवालाहरूको साझा जवाफदेहिता' विषयक प्रादेशिक अनुभव आदानप्रदान तथा प्रदर्शनी कार्यक्रममा सहभागी वक्ताहरूले विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि नीति, बजेट, तथ्यांक, अनुगमन र कार्यान्वयनबीच प्रभावकारी समन्वय हुनुपर्ने बताएका छन्।

सो कार्यक्रममा शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले मधेश प्रदेशको शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि संघीयता, कानुन, अधिकार र जवाफदेहिताबीच स्पष्ट सम्बन्ध स्थापित गर्नुपर्ने बताए।

उनले प्रदेश सरकारसँग माध्यमिक तहका विद्यालयको प्रभावकारी अनुगमन तथा व्यवस्थापनका लागि पर्याप्त अधिकार नरहेको बताए । विद्यालयमा अनुकूल प्रधानाध्यापक नहुँदा बजेट तथा कार्यक्रम कार्यान्वयनमा समस्या देखिने गरेको उनको भनाइ थियो।

मन्त्री सिंहले सामुदायिक विद्यालय कुनै खास वर्ग वा व्यक्तिको मात्र नभइ सबै वर्ग र समुदायको साझा विद्यालय हुनुपर्नेमा जोड दिए । मधेशका मुसहर, बातर र चमार समुदायका बालबालिका अझै पनि विद्यालय शिक्षाबाट टाढा रहेको उल्लेख गर्दै उनीहरूलाई शिक्षाको मूलधारमा ल्याउन विशेष पहल आवश्यक रहेको बताए।




उनले शिक्षा र स्वास्थ्यजस्ता मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि राज्यका सबै तहबीच स्पष्ट जिम्मेवारी र जवाफदेहिता आवश्यक रहेको धारणा राखे । मधेशबाट उठ्ने राजस्वको प्रतिफल प्रदेश र स्थानीय तहका नागरिकले शिक्षा तथा स्वास्थ्यलगायत आधारभूत सेवामा अनुभूति गर्न पाउनुपर्ने विषय पनि उनले उठाए।

कार्यक्रममा 'नीतिलाई कार्यान्वयनमा रूपान्तरण गर्दै' विषयमा कारखाना समूहका कार्यकारी निर्देशक हसिन शाक्यले कार्यपत्र प्रस्तुत गरे । उनले परियोजनाअन्तर्गत तीन विद्यालय र तीन स्थानीय तहमा बजेट विनियोजन प्रक्रियामा सहयोग गर्नुका साथै तीनवटा पालिकाका शिक्षा शाखामा तथ्यांक व्यवस्थापन तथा प्रयोगमा सहयोग गरिएको जानकारी दिँदै सुधारका लागि नीति निर्माण मात्र पर्याप्त नहुने भन्दै त्यसको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन, तथ्यमा आधारित हुनु पर्ने आश्वयक रहेको औल्याए।

कारखाना समूहकी परियोजना संयोजक सरस्वती पौडेलले स्थानीय तहको बजेट विश्लेषण उपकरणबारे प्रस्तुति दिएकी थिइन्। कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिहरूले शिक्षा क्षेत्रमा देखिएका व्यावहारिक समस्या र चुनौतीबारे अनुभव आदानप्रदान गरेका थिए।

पटेर्वा सुगौली गाउँपालिकाकी उपाध्यक्ष ममता महतो, चन्द्रपुर नगरपालिकाकी उपप्रमुख जयमाला चौधरी र पटेर्वा सुगौली गाउँपालिकाका अध्यक्ष दिनेश चौधरीले स्थानीय तहमा शिक्षा क्षेत्रमा भइरहेको काम, चुनौती तथा स्रोतको अवस्थाबारे धारणा राखेका थिए।

सो कार्यक्रममा विद्यालयमा आवश्यक पूर्वाधार र उपकरण उपलब्ध भए पनि त्यसको प्रभावकारी उपयोग हुन नसकेको समस्या समेत उठाइएको थियो । वक्ताहरूले कतिपय विद्यालयमा कम्प्युटरलगायतका उपकरण भए पनि सञ्चालन गर्ने जनशक्ति वा सीपको अभावमा प्रयोगविहीन अवस्थामा रहेको उल्लेख गरे।

कार्यक्रममा सहभागीहरूले शिक्षा सुधारका लागि नीति निर्माण मात्र पर्याप्त नहुने भन्दै त्यसको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन, तथ्यमा आधारित बजेट विनियोजन र विद्यालय तहसम्मको जवाफदेहिता सुनिश्चित गर्नुपर्नेमा जोड दिएका थिए।

## सीमा अपराध नियन्त्रणमा निर्मम हुन सशस्त्र प्रहरी महानिरीक्षक पौडेलको निर्देशन



काठमाण्डु । सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले सीमा अपराध नियन्त्रणमा निर्मम ढङ्गले लाग्न निर्देशन दिनुभएको छ।

मधेश प्रदेशस्थित नं २ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीलगायत मातहत गण, गुल्म तथा बोर्डर आउट पोष्ट र सुरक्षा बेसमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीलाई उहाँले सो निर्देशन दिनुभएको हो।

महानिरीक्षक पौडेलले सम्बन्धित सरोकारवाला निकाय तथा सीमावर्ती स्थानीय बासिन्दासँग सीमा सुरक्षा एवं समसामयिक विषयमा हाल भइरहेका कामकारबाहीबारे जानकारी लिनुभएको सशस्त्रका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो।

त्यस क्रममा उहाँले सो क्षेत्रमा कार्यरत कमाण्डरलाई सीमा क्षेत्रमा हुने अवैध गतिविधिको प्रभावकारी निगरानी, नियन्त्रण तथा रोकथामलाई थप सुदृढ गर्दै उच्च सतर्कता, समन्वय र जिम्मेवारीका साथ कार्यसम्पादन गर्न निर्देशन दिनुभएको हो।

सीमा इलाकामा हुने अवैध क्रियाकलाप रोकथाम र नियन्त्रणका लागि समयमा नै योजना बनाई सीमा अपराध तथा राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी रूपमा परिचालित भई नतिजामुखी काम गर्न निर्देशन दिनुभयो। रासस

## पहिरोले बेनी बजारका १२ घरमा क्षति

म्याग्दी । जिल्ला सदरमुकाम बेनी बजार पछाडि रहेको पाखोबाट गएराति र आज बिहान खसेको पहिरोले १२ घरमा क्षति पुऱ्याएको छ। कालीगण्डकी र म्याग्दी नदीको दोभानमा रहेको बेनी नगरपालिका-८ को न्युरोडमा खोरियाको पाखोबाट पहिरो खसेर १२ घरमा क्षति पुऱ्याएको हो।

छ वटा घरभित्र पहिरोसँगैको लेदो पसेर बस्न नमिल्ने भएका छन् भने छ घरमा आशिंक क्षति पुगेको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिनुभयो। "बुधबार दिउँसोदेखि आज बिहानसम्म तीन पटक पहिरो खसेको छ। पाखोमा रहेका मुहानबाट बगेको भूमिगत पानीसँगै खसेको पहिरोबाट जोखिममा रहेका नागरिकलाई सुरक्षित ठाउँमा सारिएको छ", उहाँले भन्नुभयो, "थप क्षति हुन नदिनका लागि प्राविधिक टोलीको अध्ययनसँगै पहिरो पन्छाउने र पानी तर्काउने काममा जुटेका छौँ।"

बेनीको न्युरोडका बासिन्दाले गएराति घर छाडेका थिए। कृषि विकास बैङ्क र ग्लोवल आइएमई बैङ्कको शाखा कार्यालयका महत्वपूर्ण सामग्री र कागजपत्र पनि सुरक्षित ठाउँमा सारिएको नगरप्रमुख केसीले जानकारी दिनुभयो। बिहानदेखि नेपाली सेना, नेपाल प्रहरी र सुरक्षाकर्मीहरुको टोलीले पहिरोको जोखिममा रहेका घरभित्रबाट सामान सारिरहेका छन्। रासस

# सिंहदरबार वैद्यखानाको कार्ययोजना बनाउन कार्यदल गठन गर्ने निर्णय

काठमाण्डु । सिंहदरबार वैद्यखाना विकास समितिबाट हुने औषधिको उत्पादन बढाउन, कच्चापदार्थका लागि आवश्यक जडीबुटीको दिगो सङ्कलन, संरक्षण, प्रशोधन तथा उपभोगका सम्बन्धमा कार्ययोजना बनाउन कार्यदल गठन गर्ने निर्णय गरिएको छ।

प्रधानमन्त्री वालेन्द्र साहका स्वास्थ्य सल्लाहकार डा जगदीशप्रसाद अग्रवालको अध्यक्षतामा आज सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको 'जडीबुटीको दिगो सङ्कलन, संरक्षण, प्रशोधन तथा उपयोग सम्बन्धमा छलफल तथा अन्तरक्रिया' पछि समितिका कार्यकारी निर्देशक डा प्रदीप केसीको संयोजकत्वमा विज्ञ टोलीसम्मिलित कार्यदल गठनको निर्णय भएको हो।




सल्लाहकार डा अग्रवालले समितिको विकासका लागि तत्काल कार्यदल बनाइ तीन महिनाभित्र समितिको विकासको खाका तयार गरी काम अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "समितिको विकासका लागि जडीबुटीको दिगो सङ्कलनका साथै सम्बन्धित विभिन्न निकायबीच आवश्यक समन्वय र सहजीकरण गर्नुहोस्, तीन महिनाभित्र कार्यान्वयनयोग्य कार्ययोजनासहित काम गर्नुपर्नेछ।"

डा अग्रवालले तत्कालका लागि मुलुकमा उपलब्ध जडीबुटीको अधिकतम उपयोग गरी वैद्यखानाबाट उत्पादन हुने औषधिको संख्या बढाउने र आगामी दिनमा विदेशमा पनि निर्यात गर्नेगरी काम गर्नुपर्नेमा जोड दिनुभयो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीले औषधिको कच्चापदार्थका रूपमा रहेको जडीबुटी सङ्कलनमा देखिएका समस्या समाधानका लागि सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "कच्चा पदार्थको सदुपयोगका लागि सम्बन्धित निकायबीच आवश्यक समन्वय र सहजीकरणका साथै कानूनमा पनि सुधार आवश्यक छ, त्यसका लागि चाँडोभन्दा चाँडो काम गर्नुपर्ने छ, औषधिजन्य वनस्पतीको खतीदेखि सङ्कलन र उपभोगसम्म स्पष्ट कानून निर्माणमा ढिलाइ गर्न हुँदैन।"

गृह मन्त्रालयका सचिव केदारनाथ शर्माले आयुर्वेद औषधिका लागि आवश्यक कच्चापदार्थको सङ्कलन र उपयोगका सम्बन्धमा मन्त्रालयबाट आवश्यक सहजीकरण हुने बताउनुभयो । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मदन भुजेलले जडीबुटी सङ्कलनका लागि सरोकारवालाबीच समन्वय र कानूनी स्पष्टताको आवश्यकता औँल्याउनुभयो।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले जडीबुटीको उत्पादन बढाउनका लागि किसानसँग सहकार्य गर्दै 'ट्रक फार्मिङ' मा जानुपर्नेमा जोड दिनुभयो । उहाँले जडीबुटी कम्पनीहरूसँग पनि बढीभन्दा बढी सहकार्य हुनुपर्नेमा जोड दिनुभयो।

जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडका निमित्त महाप्रबन्धक उषा रिजाल (जोशी)ले आयुर्वेदको उत्पादनमा कच्चापदार्थ नै मुख्य समस्या रहेको बताउनुभयो । उहाँले जडीबुटीको उत्पादन ठूलो मात्रामा गर्न सकियो भने मात्रै कम्पनीको विकास गर्न सकिने उल्लेख गर्नुभयो । साथै कच्चा पदार्थमा मूल्य समर्थन निर्धारण गर्ने हो भने सङ्कलनमा सहज हुने बताउनुभयो।

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका अध्यक्ष ठाकुर भण्डारीले सामुदायिक वनमा भएको जडीबुटी सङ्कलन र उपभोगका लागि विभिन्न कानूनमा सुधारको आवश्यकता औँल्याउनुभयो । कानुनले सामुदायिक वनबाट सालको पात टिपेर दुनाटपरी पनि बनाउन नमिल्ने अवस्था भएकाले कानुनमा सुधार जरुरी भएको उहाँको भनाइ छ।

वनस्पती विभागका महानिर्देशक डा सञ्जिवकुमार राईले जडीबुटीको उत्पादन बढाउन सार्वजनिक खरिद ऐनलगायत केही कानुनहरू परिमार्जन गर्नुपर्ने बताउनुभयो ।रासस

# अधुरो अस्पतालको पुरा भुक्तानी



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको ठोरी गाँउपालिका निर्माणधिन अस्पतालको भवन निर्माणमा आर्थिक अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान अगाडि बढाएको छ । वीरगञ्ज महानगरपालिका वडा नम्बर १ स्थित गौतमनगरमा निर्माण भइरहेको भवन अधुरै रहे पनि निर्माण कम्पनीलाई निर्माण सम्पन्नको भुक्तानी दिएको बारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबनि अगाडि बढाएको छ।

गत मगंलबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडा कार्यालयबाट आएको टोलीले निर्माणाधिन अस्पतालको स्थलगत निरीक्षण गर्दै जाँचबुझ गरेको थियो । त्यसलगत्तै गाँउपालिकाको कार्यालयमै पुगेको अख्तियारको टोलीले अस्पताल निर्माणसम्बन्धि फाइल नियन्त्रणमा लिएर गएको प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार चौधरीले बताए।

गौतमनगरमा १५ शैयाको ठोरी अस्पतालको भवन निर्माणका लागि ठोरी गाँउपालिकाको कार्यालय र राजेन्द्र निर्माण सेवा प्रालि डडेल्धुरा बीच १७ करोड ४२ लाख रुपैयाको लागतमा भवन निर्माण गरी गाँउपालिकालाई हस्तान्तरण गर्ने २०७८ साल बैशाख २१ गते सम्झौता भएको थियो।

सम्झौता अवधिभित्र काम नसकिए पछि २०८२ फागुन ३ गतेसम्मका लागि म्याद थपिएको थियो । भवन निर्माणको पुर्ण भुक्तानी गरिए पनि भवन निर्माणको काम पुरा भएको छैन । ७० प्रतिशत मात्रै सकिएको बताइन्छ। गाँउपालिकाको कार्यालयले ठेकेदार कम्पनिलाई १५ करोड ६० लाख रुपैयाँ भने भुक्तानी गरिसकेको उजुरी अख्तियारमा परेपछि अनुशन्धान अगाडि बढाएको छ।

भवन निर्माणको काम अलपत्र पारेर ठेकेदार पक्ष सम्पर्क बिहिन भएको गाँउपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले बताए। उनले भने, २०८२ फागुन ३ गतेभित्रै भवनको काम सकेर गाँउपालिकालाई हस्तान्तरण गर्ने गरी सम्झौता भए पनि भवन अझै अधुरो नै रहेको छ।


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | परिवारसंग रमाइलो गर्ने अवसर मिल्ने छ। तपाईको काम सहज बन्न योग छ। |
| वृष : | दिन अलि नराम्रो भएकाले काम गर्दा सचेत रहनुपर्नेछ। |
| मिथुन : | दाम्पत्य जीवनमा सफलता मिल्ने छ। |
| कर्कट : | आफूले गरेको कामले मन प्रशन्न हुनेछ। |
| सिंह : | आफ्नो काममा सन्तुष्टि मिल्ने छ। नयाँ लुगा लगाउने पाइने छ। |
| कन्या : | व्यापारबाट धन बढ्ने छ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ। |
| तुला : | धार्मिक कार्यबाट दिनको शुरुवातमा गरेका कामले सार्थकता पाउने छ। |
| वृश्चिक : | सन्तानबाट खुशी मिल्ने छ। पारिवारिक मेलमिलाप हुनेछ। |
| धनु : | व्यार्थको कार्यमा उर्जा, समय र पैसाको खर्च हुनेछ। |
| मकर : | राज्यका उच्च अधिकारीबाट हौसला प्राप्त हुनेछ। |
| कुम्भः | धार्मिक क्षेत्रको भ्रमण गर्नका लागि दिन उचित रहेको छ। |
| मीनः | स्वास्थ्यको ख्याल नगर्ने बानीले समस्या बढ्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जनअपेक्षाबमोजिमको काम भएन, प्रमुख प्रतिपक्ष दलका नेता आङ्देम्बे



काठमाण्डु । प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बेले वर्तमान सरकारका छ महिनाजनअपेक्षाबमोजिमउपलब्धिपूर्ण हुन नसकेको र सङ्क्रमणकालकै निरन्तरता भएको बताउनुभएको छ।

प्रतिनिसभाको बिहीबारको बैठकमा समय लिएर नेता आङ्देम्बेले निर्वाचनबाट झण्डै दुई तिहाइको जनमत प्राप्त हुनु एक विशेष अवसर भए पनि त्यसअनुसार काम हुन नसकेको दाबी गर्नुभयो । उहाँले संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा प्रधानमन्त्री वालेन्द्र शाहको सम्बोधनका विषयवस्तु आफैँमा ठीक भए पनि भ्रमणमा जानुपूर्व र भ्रमणपछि संसद्लाई त्यसबारे जानकारी नदिएको गुनासो गर्नुभयो।

"संसद् लोकतन्त्रको अभ्यास र पाठशाला हो । प्रधानमन्त्रीको अनुकूलतामा चल्ने संस्था होइन, प्रतिपक्ष र सत्तापक्षबाटै प्रश्न आउँदा प्रधानमन्त्रीको सदनमा उपस्थिति हुनु आवश्यक हुन्छ । तर प्रधानमन्त्री सदनमा नआएर के काममा व्यस्त हुनुहुन्छ भन्ने संसद्लाई थाहा हुनुपर्छ", आङ्देम्बेले भन्नुभयो।

उहाँले भन्नुभयो, "हामीले नयाँ पुस्तालाई संसदीय अभ्यास र लोकतन्त्रबारे के सिकाउन खोज्दैछौँ भन्ने कुरा मनन् गर्नुपर्छ। संसद् भनेको मन परेका बेला आउने र नपरेकाबेला नआउने थलो किमार्थ हुन सक्दैन। यो सत्तापक्ष र प्रतिपक्षको साझा थलो हो, यहाँ जनताका समस्या र समाधानका विषयमा प्रश्नोत्तर गरिन्छ । प्रश्नबाट भाग्ने शासन कमजोर सावित हुन्छ।"

संसदीय लोकतन्त्र र संस्थागत संरचनालाई बलियो बनाई विधि र कानुनको शासन सञ्चालन गर्न आग्रह गर्दै नेता आङ्देम्बेले पूर्व प्रधानन्यायाधीशलाई हिरासतमा लिइएको घटनाका बारेमा सदनलाई जानकारी गराउन माग गर्नुभयो।

उहाँले विपद् व्यवस्थापन, उद्धार, राहत र पुनःनिर्माणमा कार्यकुशलता प्रदर्शन नभएको तथा नजिकिएको चाडपर्वका समयमा बजारको महँगी र कालोबजारी नियन्त्रण हुन नसकेको आरोप लगाउँदै राष्ट्रिय दलका शीर्ष नेताहरुको परामर्शका आधारमा सरकारलाई दिइएको सुझावाको सुनुवाइ नभएको भनी दुःख व्यक्त गर्नुभयो। रासस

# 'पूर्वसांसद बस्नेतको निधनले स्तब्ध तुल्याएको छ'

काठमाण्डु। पूर्वसांसद मञ्च, नेपालले पूर्वसासद एवं संस्थाका उपाध्यक्ष घनेन्द्र बस्नेतको निधनले मञ्च परिवारलाई स्तब्ध तुल्याएको जनाएको छ।

मञ्चले बिहीबार एक समवेदना जारी गरी उहाँको निधनप्रति गहिरो शोक प्रकट गर्दै दिवङ्गत आत्माको चिर शान्तिको कामना गरेको छ। उक्त मञ्चको उपाध्यक्षसमेत रहनुभएका बस्नेतको हिजो भक्तपुरस्थित क्यान्सर अस्पतालमा उपचारको क्रममा निधन भएको थियो।

विसं २००९ असोज २५ गते भोजपुर जिल्ला कुलुङ काम्लेटारमा जन्मिनुभएका पूर्वसांसद बस्नेत पञ्चायतको विरुद्धमा झापा आन्दोलनबाट बिद्रोह सुरु गर्नु भई १७ बर्ष जेल जीवन बिताउनुभएको थियो। त्यस क्रममा उहाँले नख्खु जेल 'ब्रेक' गरी नेपालको कम्युनिष्ट आन्दोलनलाई उचाइमा पुर्याउने एक सादगी, निडर, निर्भिक निष्ठावान नेताको छवि स्थापित गर्नुभएको मञ्चका महासचिव शङ्करनाथ अधिकारीद्वारा जारी समवेदनामा उल्लेख छ।

मञ्चले शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी समवेदनासमेत प्रकट गरेको छ। रासस

# प्रस्तावित निजामती विधेयक : कर्मचारीले सामाजिक सञ्जालमा टिप्पणी गर्न नपाउने

काठमाण्डु । नेपाल सरकारका कर्मचारीले कुनै पनि राजनीतिक विषयमा कुनै प्रकारको टिकाटिप्पणी गर्न नपाइने कानुन प्रस्ताव गरिएको छ। प्रस्तावित सङ्घीय निजामती सेवा ऐन, २०८३ मा यस्तो प्रावधान राखिएको छ । सो प्रस्तावित विधेयकले निजामती कर्मचारीलाई सामाजिक सञ्जालको प्रयोगमा कडाइ गर्दै राजनीतिक विषयमा टिप्पणी गर्न नपाइने नियम प्रस्ताव गरेको छ।

दफामा भनिएको छ-निजामती कर्मचारीले विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सामाजिक द्वेष वा कलह बढ्ने, हिंसा भड्किने गरी वा सार्वजनिक पदाधिकारी वा कुनै राजनीतिक दल वा राजनीतिक दलको पदाधिकारीको पक्ष या विपक्षमा कुनै टिप्पणी गर्न वा आफ्नो पदीय जिम्मेवारी निर्वाह गर्नका लागि गरेका कामको आफ्नो व्यक्तिगत पेज वा आइडीबाट प्रचारप्रसार गर्न वा सोसम्बन्धी कुनै कुरा व्यक्त गर्न नहुने व्यवस्था गरिएको छ । यस विधेयकमा गरिएको व्यवस्थाअनुसार अब कुनै कर्मचारीले आफ्नो पदीय जिम्मेवारी निर्वाहका क्रममा सामाजिक सञ्जालको प्रयोगमा पनि निकै सावधानी अपनाउनुपर्नेछ । यो प्रावधानले आफ्नो व्यक्तिगत आइडी वा पेजबाट आफूले सम्पादन गरेका सरकारी काम कारबाहीको प्रचारप्रसार गर्न पनि सोच्नुपर्ने देखिन्छ। रासस




नेपाल सरकारद्वारा बिहीबार संसद्मा दर्ता उक्त विधेयकको दफा ८८ मा कर्मचारीले विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा कुनै पनि राजनीतिक दल वा राजनीतिक दलको पदाधिकारीको पक्ष वा विपक्षमा यस्तो टिप्पणी गर्न नपाइने प्रावधान राखिएको छ।

उक्त दफामा सामाजिक द्वेष वा कलह बढ्ने र हिंसा भड्किने खालका कुनै पनि अभिव्यक्ति दिन पनि रोक लगाइएको छ । प्रस्तावित विधेयकको उक्त

# शिक्षा र स्वास्थ्य शाखामा पनि तालाबन्दी गर्ने चेतावनी




टुडे समाचारदाता

जनकपुरधाम । प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर नभए आगामी सोमबारदेखि शिक्षा तथा स्वास्थ्य शाखामा समेत तालाबन्दी गर्ने चेतावनी महोत्तरीको भंगहा नगरपालिकाका नगरप्रमुख संजीवकुमार साहले दिएका छन्।

गत डेढ महिनादेखि नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा दैनिक प्रशासनिक काम प्रभावित भएको भन्दै नगरप्रमुख साहले तत्काल प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गर्न माग गरेका हुन्।

उनका अनुसार प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग पटकपटक आग्रह गरिए पनि समस्या समाधान हुन सकेको छैन । अधिकृतको अनुपस्थितिका कारण चाडपर्वको समयमा कर्मचारीको तलब भुक्तानीसमेत प्रभावित भएको उनको भनाई छ।

गत सोमबार नगरपालिका कार्यालयसहित ९ वटै वडा कार्यालयमा तालाबन्दी गरी त्यसको साँचो जिल्ला प्रशासन कार्यालय महोत्तरीमा मेयर साहले बुझाएका थिए। प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर नभएसम्म नगरपालिका सञ्चालन गर्न कठिनाइ हुने उनको भनाइ छ।

नगरप्रमुख साहका अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत भदौ १ गते खिमराज भुसाललाई भंगहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो । तर, भुसाल हालसम्म कार्यालयमा हाजिर भएका छैनन्।

प्रमुख प्रशासकीय अधिकृत हाजिर हुने वातावरण तत्काल नबने आगामी सोमबारदेखि शिक्षा तथा स्वास्थ्य शाखामा समेत तालाबन्दी गरिने नगरप्रमुख साहले चेतावनी दिएका छन् । नगरपालिकामा प्रशासनिक नेतृत्वको अभावका कारण सेवा प्रवाह प्रभावित भइरहेकाले समस्या तत्काल समाधान गर्न उनले सम्बन्धित मन्त्रालयसँग आग्रह गरेका छन्।

# 'जेनजी' आन्दोलनका दुई सहिदको परिचय बाँकेको स्थानीय पाठ्यक्रममा समेटिँदै

नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिकाले 'जेनजी' आन्दोलनका क्रममा ज्यान गुमाएका नेपालगञ्ज-१ धम्बोजीका दुई युवाको योगदानसहित परिचय स्थानीय पाठ्यक्रममा समेट्ने तयारी गरेको छ।

विसं २०८२ भदौ २३ गते काठमाण्डुमा भएको जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएका १९ वर्षीय आयुष थापा र २३ वर्षीय सुलभराज श्रेष्ठको योगदानलाई नयाँ पुस्तामाझ परिचित गराउँदै उहाँहरूको स्मृतिलाई दीर्घकालसम्म जीवन्त राख्ने उद्देश्यले स्थानीय पाठ् यक्रममा परिचय समेट्न लागिएको उपमहानगर कार्यालयले जनाएको छ।




उपमहानगरप्रमुख प्रशान्त विष्टले सहिद परिवारको आग्रहअनुसार दुवै युवाको परिचय स्थानीय पाठ्यक्रममा समावेश गर्ने प्रक्रिया अघि बढाइने बताउनुभयो। "नयाँ पुस्तालाई जेनजी सहिदको योगदानबारे जानकारी गराउँदै उहाँहरूको स्मृतिलाई जीवन्त राख्न स्थानीय पाठ्यक्रममा परिचय समेट्ने तयारी भइरहेको छ", उहाँले भन्नुभयो।

सरकारी विवरणमा पनि आयुष थापा र सुलभराज श्रेष्ठलाई नेपालगञ्ज-१, बाँकेका जेनजी सहिदका रूपमा उल्लेख गरिएको छ। दुवै युवाको सम्मान तथा स्मृतिमा नेपालगञ्ज उपमहानगर र वडा कार्यालयले विभिन्न भौतिक तथा सामाजिक गतिविधि पनि अघि बढाएको छ।

नेपालगञ्ज-१ का वडाध्यक्ष एवं प्रवक्ता प्रमोद रिजालका अनुसार धम्बोजीस्थित वडा कार्यालय परिसरमा दुवै सहिदको स्मृतिमा 'सहिद योग भवन' र खुला 'जिम हाउस' निर्माण गरिएको छ। उहाँहरूकै सम्मानमा थप संरचना निर्माण प्रक्रिया पनि अघि बढाइएको उहाँको भनाइ छ। वडाध्यक्ष रिजालले भन्नुभयो, "उहाँहरूको सम्मानमा वाटरपार्क नजिकै अर्धकदको सालिक निर्माण गर्नुका साथै विशालनगर क्षेत्रमा उहाँहरूका नाममा 'सहिद प्रवेशद्वार' निर्माण भइरहेको छ।" उपमहानगरले दुवै सहिदको स्मृतिमा 'सहिद रनिङ शिल्ड' प्रतियोगिता सञ्चालन गर्ने निर्णय पनि गरेको उहाँले जानकारी दिनुभयो।

वडाध्यक्ष रिजालका अनुसार स्थानीय सरकार सहिद परिवारका समस्या तथा माग सम्बोधन गर्न निरन्तर संवादमा छ । जेनजी आन्दोलनका क्रममा एउटै टोलका दुई युवाले ज्यान गुमाएपछि धम्बोजीका स्थानीयवासीमा घटनाको अहिलेसम्म प्रभाव रहेको स्थानीयवासी बताउँछन्।

आयुष र सुलभका परिवारले छोराहरूको मृत्युको घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही हुनुपर्ने माग गर्दै आएका छन्। आफ्ना छोराले काठमाडौँमा ज्यान गुमाएको एक वर्ष बितिसक्दा पनि घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाही हुन नसकेको भन्दै सहिदका आफन्त तथा परिवारले तत्काल आफ्ना माग सम्बोधन हुनुपर्ने बताएका छन् । परिवारले सहिदको सम्मान, परिवारका एक सदस्यलाई रोजगारी, घटनाको निष्पक्ष छानबिन तथा गोली चलाउनेमाथि कानुनी कारबाहीको माग सरकारसँग गर्दै आएका छन्। सहिद आयुष थापाका पिता सुशील थापाले आन्दोलनका क्रममा निर्दोष युवाले ज्यान गुमाए पनि घटनाको जिम्मेवारी लिने र दोषीमाथि कारबाही गर्ने काम हुन नसकेको बताउनुभयो।

नागरिक सरोकार मञ्च बाँकेका संयोजक कृष्णप्रसाद श्रेष्ठले जेनजी आन्दोलनका सहिदका चाहना र माग पूरा गर्ने जिम्मेवारी आन्दोलनपछिबनेकोसरकारकोभएको बताउनुभयो। "जेनजी आन्दोलनका सहिदका चाहना र माग पूरा गर्ने जिम्मेवारी आन्दोलनपछि बनेको सरकारको हो । घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्दछ", उहाँले भन्नुभयो।

नेपालगञ्ज उपमहानगरले जेनजी सहिदको स्मृतिलाई स्थानीय तहमा संस्थागत गर्ने उद्देश्यले पाठ्यक्रममा उहाँहरूको परिचय समेट्ने तयारी गरेको छ । यससँगै सहिदको स्मृतिमा भौतिक संरचना, खेलकुद तथा अन्य सामाजिक गतिविधिलाई निरन्तरता दिइएको छ। सहिद परिवारले भने स्मृतिका कार्यक्रमसँगै घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कानुनी कारबाही हुनुपर्ने मागलाई निरन्तर उठाउँदै आएका छन्। रासस

# राष्ट्रियसभाद्वारा शोक प्रस्ताव पारित



काठमाण्डु । राष्ट्रियसभाको बिहीबारको बैठकले पूर्वप्रतिनिधिसभा सदस्य घनेन्द्र बस्नेतको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ । लोकतान्त्रिक आन्दोलनका अगुवा बस्नेतको ७४ वर्षको उमेरमा बुधबार निधन भएको थियो।

प्रतिनिधिसभाका पूर्वसदस्य बस्नेतको निधनमा राष्ट्रियसभाले शोक व्यक्त गरेको छ । स्वर्गीय बस्नेत नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट २०४८ सालको प्रतिनिधिसभा निर्वाचनमा सङ्खुवासभा निर्वाचन क्षेत्र नं २ र २०५६ को प्रतिनिधिसभा निर्वाचनमा भोजपुर जिल्ला निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको थियो।

शोक प्रस्ताव पारित भएपछि सदनले दिवङ्गत बस्नेतको सम्मानमा एक मिनेट मौनधारण गरेको थियो। बैठकले उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरेको छ।

यसअघि आजको बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले 'आदिवासी जनजाति आयोगको आर्थिक वर्ष २०८०/८१' को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो।

त्यस्तै, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति पूजा चौधरीले समितिको वार्षिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो। सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति जयन्तीदेवी राईले समितिको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो।

त्यस्तै, विधायन व्यवस्थापन समितिका सभापति कृष्णबहादुर रोकायले समितिको 'आन्तरिक वायु सेवाको दायित्वसम्बन्धी विधेयक, २०८३' प्रतिवेदन पेस गर्नुभयो। सभाका सचिव तुलबहादुर कँडेलले राष्ट्रियसभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा पठाइएको 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१' का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराई टेबुल गर्नुभयो। राष्ट्रियसभाको अर्को बैठक यही असोज १६ गते शुक्रबार दिउँसो १:१५ बजे बस्नेछ।






# अपांगता भएका व्यक्तिका लागि व्यक्तिगत सहयोगी सेवा सञ्चालनसम्बन्धी कार्यविधि तयार

काठमाण्डु । सरकारले पूर्ण तथा अतिअशक्त एवं अपांगता भएका व्यक्तिका लागि व्यक्तिगत सहयोगी सेवा सञ्चालनसम्बन्धी कार्यविधि तयारी गरेर रायका लागि अर्थमन्त्रालय पठाएको छ।

राष्ट्रियसभाको बिहीबारको बैठकमा सांसदको प्रश्नको जवाफ दिँदै महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले उक्त कार्यविधिको मस्यौदा रायसुझावका लागि पठाइएको जानकारी दिनुभयो । उहाँका अनुसार अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र नियमावली, २०७७ को नियम ९ बमोजिम सामुदायिक सहायता तथा व्यक्तिगत सहयोगी सेवाको व्यवस्था कार्यान्वयनका लागि यसै आर्थिक वर्षमा अध्ययन गरिनेछ।

"मन्त्रालयले व्यक्तिगत सहयोगी सेवासम्बन्धी कार्यविधिको मस्यौदा तयार गरी मिति २०८०/०९/१८ को निर्णयानुसार रायसुझावका लागि अर्थ मन्त्रालयमा पठाएकामा तत्कालीन अवस्थामा स्पष्ट राय प्राप्त नभएकोले चालु आव २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत व्यक्तिगत सहयोगी सेवा सम्बन्धमा अध्ययन गर्ने कार्यक्रम रहेको छ", उहाँले भन्नुभयो।



अध्ययनमा व्यक्तिगत सहयोगी सेवाको आवश्यकता, सेवा प्राप्त गर्ने व्यक्तिको अवस्था, सेवा प्रदायकको भूमिका, सेवा सञ्चालनको मापदण्ड, आर्थिक दायित्व र कार्यान्वयनको प्रभावकारितालगायत विषय समेटिने मन्त्री बादीले बताउनुभयो।

मन्त्रालयको अपाङ्गता व्यवस्थापन सूचना प्रणालीलाई सामाजिक सूचना व्यवस्थापन प्रणालीमा पूर्ण रूपमा एकीकृत गरी ७५३ वटै स्थानीय तहमा विस्तार गर्ने काम भइरहेको उहाँले जानकारी दिनुभयो। यसबाट अपाङ्गता भएका व्यक्तिको अद्यावधिक तथ्याङ्क तथा व्यक्तिगत सहयोगी सेवा आवश्यक पर्ने व्यक्तिको पहिचान र आवश्यकताको आकलनमा सहयोग पुग्ने उहाँले बताउनुभयो।

मन्त्री बादीले व्यक्तिगत सहयोगी सेवा प्रभावकारी, पारदर्शी, पहुँचयोग्य र दिगो बनाउन आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गरिने बताउनुभयो। त्यसका लागि अपाङ्गता भएका व्यक्तिका संस्था, स्थानीय तह, प्रदेश सरकार, सम्बन्धित निकाय तथा विज्ञसँग परामर्श गरिने उहाँले जानकारी दिनुभयो। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# गुटमुक्त भएन कांग्रेस

नेपाली कांग्रेस औपचारिक रुपमा विभाजन भइसकेको छ । कानुनीरुपमा विभाजन नभएको संस्थापन इतरपक्षको कथन छ । देशको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी रहेको नेपाली कांग्रेस विभाजित भए पनि गुटको अन्त्य भएको छैन । संस्थापन पक्षको १५ औं महाधिवेशन असोज १८ गतेबाट प्रारम्भ हुँदैछ । त्यसका लागि पालिका र क्षेत्रीय स्तरबाट प्रतिनिधि छनोटको कार्य चलिरहेको छ । प्रदेशको निर्वाचन क्षेत्र र संघीय संसदको निर्वाचन क्षेत्रबाट महाधिवेशन प्रतिनिधि चयनको प्रक्रिया पनि अगाडि बढेको छ । जिल्ला र प्रदेशको अधिवेशन भने महाधिवेशनपछि गर्ने निर्णय कांग्रेसले गरेको छ । संस्थापन पक्षको पालिका र क्षेत्रीय अधिवेशनको क्रममा अधिकांश जिल्लामा गुटगत विवाद देखिएको छ । गुटगतकै कारण कांग्रेस विभाजन भइसकेपछि फेरि गुट बन्नु सुखद पक्ष होइन । कांग्रेस विभाजन भएसँगै संस्थापनमा चित्त नबुझाउनेले इतर पक्षमा जाने बाटो खुल्ला भएको छ । तर संस्थापन पक्षमा नै रहेर विवाद गर्ने समूह अझै सक्रिय छ । संस्थापन पक्षमा अत्यधिक विवाद देखिए पनि इतर पक्षमा हालसम्म विवाद देखिएको छैन । तर असोज १५ गतेबाट नै वडा अधिवेशन इतरपक्षको पनि प्रारम्भ भएकोले परिणामपछि थाहा हुनेछ । इतर पक्षको वडा अधिवेशनबाट कांग्रेसको संस्थापन र इतर पक्षबाट कुन पक्ष कुन जिल्लामा बलियो भने प्रष्ट पनि हुनेछ । तर विभाजनपछि कुटाकुटको अवस्थामा गुट रहनु सुखद सन्देश होइन । विभाजित भइसकेपछि गुट पनि समाप्त हुनुपर्ने थियो । तर गुट कायमै रहेको छ । इतरपक्षमा हाल देखिएका परिपक्व नेताहरु एकजुट भएर रहनेमा धेरैको विश्वास छैन । इतर पक्षका नेताहरुमा निवर्तमान सभापति शेरबहादुर देउवालाई नेता स्वीकार गर्नु बाहेक अन्य नेताहरुले अन्य कसैलाई नेता स्वीकार गर्न तयार छैनन् । संस्थापन पक्षको सभापति बनेका गगन कुमार थापालाई उनीहरुले नेता स्वीकार गरेका छैनन् । पछिल्लो पटक देउवाको नेतृत्वमा कांग्रेस विभाजित भएको थियो । नेपाली कांग्रेस प्रजातान्त्रिकमा रहेका धेरै नेताहरु संस्थापन पक्षमा मिलेका थिए । पछि देउवा समूह पनि कांग्रेसमा नै फर्के । देशमा अहिले जेन- जीको रापताप छ । जेन- जीकै आन्दोलनको बलमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले झण्डै दुई तिहाइ सिट जितेको छ । कांग्रेसको नेतृत्व जेन- जीको भावना अनुरुप युवा पुस्तामा सरेको छ । इतर पक्षको नेतृत्वमा रहेका सबै खारिएका पुराना नेताहरु हुन् । हुन त एमालेमा पनि नेतृत्व युवा पुस्तामा हस्तान्तरण हुनुपर्ने आन्तरिक संघर्ष चर्किएको छ । तत्काल त्यसलाई अध्यक्ष केपी शर्मा ओलीले मत्थर गर्न सफल भए पनि त्यो धेरै दिनसम्म रोकिदैन । कांग्रेस विभाजन भइसकेपछि गुट समाप्त हुनुपर्नेमा अझै कायम रहनु पार्टीका लागि शुभ संकेत होइन ।

## गान्धीवादी आर्थिक नीतिको सान्दर्भिकता

# "०२ अक्टोबर गान्धि, जयन्ति"



● श्रीमन नारायण



सत्य र अहिंसाका पुजारी महात्मा गान्धी कुनै ठुलो अर्थ शास्त्री थिएनन् तर उनका प्रत्येक विचार चाहे त्यो राजनीति बाहेकको क्षेत्रको किन नहोस, अहिले पनि सान्दर्भिक छ । आर्थिक र सामाजिक क्षेत्रमा पनि उनले व्यक्त गरेका विचार वा देखाएका मार्ग नै मानवजातिका सम्पूर्ण समस्याको एकमात्र समाधानको उपाय हुनसक्छ । भूमण्डलीकरण, उदारीकरण, बजार व्यवस्था एवं आर्थिक सुधारका नाममा अनेकौं प्रयोगहरु भएका छन् तर अहिलेसम्म भएका सबै प्रयोग असफल नै सावित भएका छन् । ठुला-ठुला अर्थशास्त्रीहरु भएका पश्चिमेली देशहरुमा उत्पन्न चरम आर्थिक संकेतका कारण पनि यसको पुष्टि भईसकेको छ । महँगी, गरिबी, असमानता एवं अनेकानेक समस्याका कारण किंकर्तव्यविमूढ अवस्थामा पुगिसकेका नेपालजस्ता देशहरुका निम्ति गान्धीवादी आर्थिक नीति नै सान्दर्भिक साबित हुनसक्छ ।

विकासको अर्थ केही सीमित व्यक्तिहरुको मोजमस्ती एवं विलासिताको प्रदर्शन मात्रै हुन सक्दैन । जबसम्म उत्पादन एवं संसाधनको न्यायोचित वितरण हुँदैन, सबैका निम्ति रोजगार उपलब्ध हुन सक्दैन, तबसम्म विकासको परिकल्पनालाई साकार पार्न सकिदैन । गान्धीवादी अर्थशास्त्रको मूल आधारमा मानव संसाधन विकेन्द्रीकरण एवं समतालाई सर्वाधिक महत्व दिइएको छ ।

जबकी वर्तमानको आर्थिक सुधारमा यी विषयलाई पूर्णतः गौण पारिएको छ । पुँजीलाई होइन कि मानव विकासलाई नै बढी महत्व दिइनुपर्दछ भन्ने गान्धीवादी आर्थिक नीतिको मुल सिद्धान्त हो । वर्तमान युगमा मानवलाई होईन अपितु अर्थ (पुँजी) लाई केन्द्र बनाएर आर्थिक नीति बनाईने गरिन्छ ।

गान्धीवादी आर्थिक नीतिमा विकेन्द्रित उत्पादनको न्यायसंगत वितरणमा जोड दिइन्छ । जब उत्पादन एवं उपभोग दुईवटै काम स्थानीयस्तरमा हुनथाल्छ अनि सञ्चयको भावना स्वतः समाप्त भएर जान्छ । फलस्वरुप सीमित व्यक्तिको हातमा धन सञ्चय र बाँकी सबै दरिद्र हुने अवस्था पनि आउँदैन । आजभोली विदेशी लगानीको नक्कलमा बहुराष्ट्रिय कम्पनीहरुको दास भएर हाम्रा शासकहरुले विकासको परिभाषालाई नै फेरिदिएका छन् । तथाकथित आधुनिक विकासको नाममा दिनहुँ बेरोजगारहरुको संख्यामा बृद्धि भईरहेको छ, जबकी राष्ट्रका सक्षम एवं उपयोगी जनशक्ति खेर हुँदै गएका छन् । मेसिनको अत्यधिक प्रयोगका कारण आमजनतासामु गाँस-बासको समस्या उत्पन्न भएको छ । गान्धीवादी आर्थिक नीतिमा श्रम एवं समयको बचत हुनुलाई नराम्रो मानिएको छैन तर केही सीमित व्यक्तिको स्वार्थपूर्तिको सर्तमा मेसिनको प्रयोगलाई उचित मानिएको छैन । किनभने यसवाट राष्ट्र एवं जनताको भलो हुन सक्दैन । सार्वजनिक उपयोगका केही कामहरु जुन की मानिसको मेहनतबाट सम्भव हुन सक्दैन, त्यसलाई मेसिनको माध्यमवाट प्रयोग गर्न सकिन्छ तर यी सबै मेसिनको स्वामित्व भने राज्यको हातमा हुनुपर्दछ र यसको उपयोग पनि जनकल्याणका लागि हुनुपर्दछ । मानवताको एउटा सानो भागको हित साधनका लागि राज्यको ठुलो अथवा सर्वाधिक हिस्साले समस्या भोग्नुपर्ने अवस्था उत्पन्न हुन्छ भने त्यहाँ मेसिनको प्रयोग हुनुहुँदैन ।

आजभोलि विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठन आदि संस्थाको दबाबमा सार्वजनिक क्षेत्रका कलकारखानामा जारी लगानी एवं निजीकरणका प्रक्रियाले गर्दा बेरोजगारी र महँगी बढ्ने गरेको छ । यी कारखानाहरुमा विकृति अथवा समस्या उत्पन्न हुने गर्दछ भने त्यसलाई ठीक पार्ने, सुधार्ने काम गर्नुपर्दछ र बहुराष्ट्रिय कम्पनी अथवा स्वदेशी साझेदार हरुलाई आफुखुशी लुटने अनुमति दिइनुहुँदैनथ्यो । कारखानाहरुलाई निजीकरण गर्ने अभियानले गर्दा मुलुक आर्थिक प्रगतिको बाटोमा डोरिन सक्छ भन्ने कल्पना गर्नु अन्ततोगत्वा व्यर्थ नै सावित हुनेछ ।

किनभने निजी क्षेत्रका लागि असफल भईसकेका कारखानालाई अन्ततः सरकारले नै लिने गरेका उदाहरण धेरै छन् । सन् १९३४ तिर रुसमा जारी आर्थिक व्यवस्थाप्रति गान्धीले टिप्पणी गर्नु भएको थियो कि राज्यनियन्त्रित आर्थिक नीति पनि बलमा आधारित भएका कारण यो कति हदसम्म टिकाउ रहला भन्न सकिन्न ? राज्य नियन्त्रित कलकारखाना निश्चित पनि जनहितमा साबित हुनसक्छ तर त्यो पनि बलमा आधारित हुनुहुँदैन । सोभियत संघको पतनले पनि गान्धीजीको त्यति बेलाको धारणालाई सही साबित गऱ्यो ।

त्यसै गरी उहाँले ब्रिटिस शासनको आर्थिक नीतिको विरोध गर्नुहुन्थ्यो र भन्नुहुन्थ्यो- उद्योगहरुको महत्व यस आधारमा कदापि हुन सक्दैन कि टाढा बसेका र निष्क्रिय भएर पनि पुँजीमा भागीदार रहेकाहरुले कति लाभांश प्राप्त गरिराखेका छन् ? त्यस कारखानामा काम गर्ने मजदुरहरुको शरीर, प्राण एवं आत्मामा यसको कस्तो असर परिरहेको छ ? आजभोलि शेयर बजारको आधारमा राष्ट्रको आर्थिक अवस्थाको मूल्यांकन हुने गर्दछ ।

स्थानीय स्रोत-साधनहरुको सक्रिय सहभागिता तथा न्यायपूर्ण वितरणमा आधारित विकास नै सही अर्थमा विकास कहलिन सक्छ । स्वदेशी एवं विदेशी पुँजीको सहयोगमा केही सीमित व्यक्तिहरुको स्वार्थ पूर्ति एवं विलासिताका लागि गरिने अन्तहीन उपाय साँचो अर्थमा विकासको परिभाषा हुनै सक्दैन । जीवन उपयोगी वस्तुहरुको उत्पादनका साधन जनसाधारणको नियन्त्रणमा भएपछि मात्रै देशको जनसाधारणको नियन्त्रणमा भएपछि मात्रै देशको विकास सम्भव हुनसक्छ । गाँस र कपासको समस्या र हु न जे ल स म्म प्रगतिको आशा गर्न सकिँदैन । प्रत्येक व्यक्तिले आफ्नो जीवनयापन गर्न सक्ने अवसर अर्थात् रोजगारको अवसर पाउनुपर्दछ।देशमाशोषण रहुन्जेलसम्म नागरिक-नागरिकबीच सामञ्जस्यता एवं एकता कायम रहन सक्दैन । जनताका आधार भूत आवश्यकताहरुमाथि कुनै सत्ता अथवा व्यक्तिले प्रभुत्व जमाउन खोज्छ भने स्वभाविकरुपमा त्यहाँ विद्रोह उत्पन्न हुनसक्छ ।

नेपालजस्तो देशमा जहाँ गरिबी, बेरोजगारी र असमानताका कारण एक दशकसम्म शस्त्र संघर्ष चल्यो । हजारौं नागरिकले ज्यान गुमाए । मधेसमा आन्दोलन भयो । विभिन्न जातजातिहरुले आ-आफनो हकका निम्ति संघर्ष गरे । सबैको आन्दोलनमा एउटै नारा हुने गर्दथ्यो- असमानता र भेदभाववाट मुक्ति । नयाँ नेपालको नारा दिएका र आमजनताले जनजीवनमा आमूल परिवर्तन ल्याउने बाचा गरेका दलहरुले त नेपाली जनताका निम्ति केही पनि गर्न सकेनन् । आर्थिक असमानताका कारण धनी एवं गरिबबीचको खाल्डो झन फराकिलो हुँदै गएको छ ।

उद्योग एवं कृषिको क्षेत्रमा जारी उदारीकरणका कारण किसान-मजदूरको रोजगारीमाथि प्रतिकुल प्रभाव परेको छ । शहरी एवं ग्रामीण दुवै क्षेत्रमा गरिबको संख्यामा बृद्धि भएको छ । बेरोजगारहरुको संख्या बढदै गएको छ । यस कारणले गान्धीवादी आर्थिक नीति नै नेपालजस्तो देशका निम्ति उपयोगी र सान्दर्भिक हुनसक्छ । राष्ट्रको सांस्कृतिक अस्मिता, आर्थिक सम्प्रभुता एवं जनकेन्द्रित समग्र विकासका लागि वर्तमान आर्थिक नीतिमा परिवर्तन आवश्यक छ ।

# सपनाको उडान, काठको बाकसमा अवसान



● रामहरि कार्की

बिहानै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वरिपरि चहलपहल सुरु हुन्छ । कसैको हातमा पासपोर्ट छ । कसैको हातमा टिकट । कसैको आँखामा उत्साह छ । कसैको आँखामा डर । कोही पहिलोपटक विमान चढ्दैछन् । कोही वर्षौंदेखि विदेश आउजाउ गरिरहेका छन् । आफन्तहरू विमानस्थलको गेटसम्म पुग्छन् । आमाले छोरालाई अँगालो हाल्छिन् । बुबाले काँध थपथपाउँछन् । श्रीमतीले धेरै कुरा भन्न खोज्छिन् । तर आवाज निस्कँदैन ।

छोराछोरीले बाबुलाई हेर्छन् । बाबु भन्छन्- 'चाँडै फर्किन्छु ।' कोही भन्छन्- 'अब दुई वर्ष दुःख गर्छु । ऋण तिर्छु ।' कसैले घर बनाउने सपना देख्छ । कसैले छोराछोरीलाई राम्रो स्कूलमा पढाउने सपना । कसैले आमाको औषधीमूलो गर्ने सपना । कसैले गाउँको फुसको घरलाई पक्की बनाउने सपना । यी सपना बोकेर नेपाली युवा विमान चढ्छन् ।

तर सबै सपना पूरा हुँदैनन् । कहिलेकाहीँ त्यही विमानस्थलमा अर्को दृश्य देखिन्छ । आकाशबाट विमान आउँछ । तर विमानबाट यात्रु झर्दैनन् । एउटा काठको बाकस बाहिर ल्याइन्छ । त्यो बाकसभित्र एउटा नेपाली हुन्छ । कुनै घरको छोरा । कुनै परिवारको श्रीमान् । कुनै बालकको बाबु । कुनै आमाको बुढेसकालको सहारा । विदेश जाँदा जीवित गएको मानिस, फर्किँदा बाकसमा बेरिएर आउँछ । यही हो, नेपाली वैदेशिक रोजगारीको सबैभन्दा पीडादायी पाटो ।

नेपालबाट वैदेशिक रोजगारीमा जानेको संख्या हरेक वर्ष ठुलो छ । वैदेशिक रोजगार विभागको तथ्याङ्कले यसको आकार देखाउँछ । आर्थिक वर्ष २०७८/७९ मा ६ लाख ३० हजार ९० जना श्रमिकले श्रम स्वीकृति लिएर विदेश गए । २०७९/८० मा संख्या बढ्यो । त्यो वर्ष ७ लाख ७१ हजार ३२७ जना विदेश गए । २०८०/८१ मा ७ लाख ४१ हजार २९७ जना पुगे । २०८१/८२ मा नयाँ रेकर्ड बन्यो । ८ लाख ३९ हजार २६६ जना श्रम स्वीकृति लिएर विदेश गए । आर्थिक वर्ष २०८२/८३ मा ७ लाख ९२ हजार १८७ जना विदेशिए । यी सङ्ख्या नयाँ र पुनः श्रम स्वीकृति लिने दुवैलाई समेट्छन् । संख्या ठुलो छ । तर संख्याभित्रका कथा अझै ठूला छन् । हरेक व्यक्तिको पछाडि एउटा परिवार छ । एउटा घर छ । एउटा सपना छ । एउटा बाध्यता छ । कसैको विदेश जाने निर्णय खुशीको हो । कसैको बाध्यता । कसैका लागि विदेश अवसर हो । कसैका लागि अन्तिम विकल्प ।

गत आव २०८२/८३ लाई महिनाअनुसार हेर्दा विदेशिनेको लहर रोकिएको देखिँदैन । साउनमा ६८ हजार ११० जना विदेश गए । भदौमा ६७ हजार ९७२ । असोजमा ६४ हजार ६३४ । कात्तिकमा ७३ हजार ९४ । मङ्सिरमा ६५ हजार ७०५ । पुसमा ६२ हजार ५५९ । माघमा ७० हजार ५०३ । फागुनमा ५२ हजार ९४४ । चैतमा ६१ हजार ८१९ । वैशाखमा ७४ हजार ४२९ । जेठमा ६१ हजार ७२ । असारमा ६९ हजार ३६२ । वर्षभरिमा जम्मा ७ लाख ९२ हजार १८७ । नेपालमा वैदेशिक रोजगारीलाई प्रायः व्यक्तिगत निर्णयका रूपमा हेरिन्छ । तर यो निर्णयको अर्थ सामाजिक कारण पनि त्यति नै छ । गाउँमा काम छैन । खेतीबाट पर्याप्त आम्दानी छैन । सहरमा स्थायी रोजगारी पाउन कठिन छ । व्यवसाय गर्न मनग्य पूँजी छैन । घर चलाउन पैसा चाहिन्छ । छोराछोरी पढाउन खर्च लाग्छ । बिरामी पर्दा उपचार महँगो हुन्छ । ऋण तिर्नुपर्छ । त्यसपछि विदेशको बाटो खुल्छ । विदेशमा कम्तीमा केही वर्ष काम गरेर पैसा कमाउने आशा गरिन्छ । देशभित्र पर्याप्त रोजगारीको अवसर नहुँदा ठुलो सङ्ख्यामा युवा विदेशिएको तथ्याङ्कले देखाउँछ ।

विदेश जानेको लहर सबै जिल्लामा समान छैन । तराईका जिल्लामा यसको प्रभाव अझ ठुलो देखिन्छ । आव २०८२/८३ मा धनुषाबाट ३८ हजार ५५३ जना विदेश गएको तथ्याङ्क छ । झापाबाट ३५ हजार १२४ । मोरङबाट ३१ हजार ९९० । सिरहाबाट ३० हजार २११ । यी जिल्लाका धेरै गाउँमा विदेश जाने घर भेटिन्छन् । कुनै घरमा दुई भाइ विदेशमा छन् । कुनै घरमा बाबु र छोरा दुवै विदेशमा छन् । कुनै घरमा श्रीमान् विदेशमा छन् । घरमा पत्नी र बच्चा छन् । कुनै घरमा वृद्ध आमाबुबा मात्रै छन् । विदेशबाट आएको पैसाले घर चल्छ । तर घरको एउटा कुर्सी खाली हुन्छ । खाना खाने बेला एउटा थाल कम हुन्छ । चाडपर्वमा एउटा अनुहार छुट्छ । यही हो, वैदेशिक रोजगारी भित्रको भित्री कथा ।

नेपाल सरकारको तथ्यांकले भन्छ नेपाली श्रमिकका परम्परागत गन्तव्य खाडी मुलुक हुन् । तर गन्तव्य विस्तार हुँदैछ । आव २०८२/८३ को तथ्यांक अनुसार यूएईमा १ लाख ८३ हजार ५८० जना पुगे । मलेसियामा १ लाख ३२ हजार ६४६ । कतारमा १ लाख ३२ हजार ५१ । साउदी अरबमा १ लाख २४ हजार ५८३ । रोमानियामा पनि ३३ हजार ९२० नेपाली पुगे ।

यूएई अहिले नेपालीका लागि ठुलो श्रम गन्तव्य बनेको छ । मलेसिया र कतारमा पनि नेपालीको संख्या ठुलो छ । साउदी अरबमा पनि हजारौं नेपाली काम गरिरहेका छन् । युरोपतर्फ जानेको सङ्ख्या बढिरहेको छ । युवाको चाहना बदलिँदैछ । गन्तव्य बदलिँदैछ । तर विदेशिनुपर्ने कारण भने धेरैका लागि उस्तै छन् ।

दक्ष कामदारको संख्या ठुलो देखिए पनि अदक्ष र अर्धदक्ष कामदारको सङ्ख्या अझै उल्लेख्य छ । यसले अर्को प्रश्न जन्माउँछ । विदेश पठाउनुअघि नेपालमै सीप सिकाउने पर्याप्त व्यवस्था छ ? युवालाई राम्रो रोजगारीका लागि तयार पार्न सकिएको छ ? उनीहरूले पाउने पारिश्रमिक उनीहरूको श्रमअनुसार छ ? यी प्रश्नको उत्तर खोज्नु पनि वैदेशिक रोजगारीको बहसको विषय हो ।

पाँच आर्थिक वर्षमा जम्मा ७ हजार १६९ वटा शव नेपाल ल्याइएको देखिन्छ । यो सङ्ख्या पढ्दा एक क्षण टक्क रोकिनुपर्छ । ७ हजार १६९ । यो अङ्क मात्र होइन । ७ हजार १६९ परिवार । ७ हजार १६९ घर । ७ हजार १६९ अधुरा सपना । ७ हजार १६९ शोक । कुनै परिवारमा आमा रोइन् । कुनै परिवारमा श्रीमती । कुनै परिवारमा साना छोराछोरी । कुनै परिवारमा बूढा बाबुआमा ।

विदेशबाट शव आउने दिन परिवारका लागि सबैभन्दा लामो दिन हुन सक्छ । विमानस्थलमा आफन्तहरू जम्मा हुन्छन् । कसैको हातमा कागज हुन्छ । कसैको हातमा मोबाइल । कसैले फोन गरिरहेको हुन्छ । कसैले चुपचाप आँसु पुछिरहेका हुन्छन् । शव निकालिन्छ । बाकस देखिन्छ । त्यहाँ कुनै आवाज हुँदैन । अघिल्लो दिनसम्म फोनमा बोलेको मानिस । अब बाकसभित्र हुन्छ ।

'घर फर्किन्छु' भन्ने सपना लिएर गएको थियो तर फर्किँदा बोल्न सक्दैन । परिवारले अन्तिमपटक अनुहार हेर्छ । कसैले टाउकोमा हात राख्छ । कसैले छाती पिट्छ । कसैले विश्वास गर्न सक्दैन । कहिलेकाहीँ मृत्युको कारण पनि परिवारका लागि स्पष्ट हुँदैन । कामको अवस्था कस्तो थियो ? स्वास्थ्य अवस्था कस्तो थियो ? समयमै उपचार पायो कि पाएन ? सुरक्षित आवास थियो कि थिएन ? काम गर्ने ठाउँ कति सुरक्षित थियो ? यी प्रश्न शवसँगै घर आइपुग्छन् । तर धेरै प्रश्नको उत्तर कहिल्यै आउँदैन । नेपाल अहिले जनसांख्यिक लाभको अवस्थामा छ । २०७८ को राष्ट्रिय जनगणनाअनुसार १५ देखि ५९ वर्ष उमेर समूहका मानिस कुल जनसङ्ख्याको करिब ६२ प्रतिशत छन् । यो उमेर समूह देशका लागि उत्पादनशील जनशक्ति हो । काम गर्न सक्ने उमेर । उत्पादन गर्न सक्ने उमेर । उद्यम गर्न सक्ने उमेर । कर तिर्न सक्ने उमेर । समाज र अर्थतन्त्र चलाउन सक्ने उमेर । तर यही समूहको ठुलो हिस्सा विदेशमा छ । यसले नेपालको गाउँ बदलिरहेको छ । खेतमा काम गर्ने हात कम भएका छन् । गाउँमा वृद्धवृद्धाको सङ्ख्या बढेको छ ।

बालबालिका हजुरबा-हजुरआमासँग बसिरहेका छन् । युवा भने कतारमा छन् । मलेसियामा छन् । यूएईमा छन् । साउदीमा छन् । युरोपमा छन् । यो अवस्थालाई कसरी बुझ्ने ? विदेशमा कमाएको पैसाले देशको अर्थतन्त्र चल्छ । तर देशभित्र काम गर्ने युवा कम हुँदैछन् । यही विरोधाभास नेपालको वैदेशिक रोजगारीको सबैभन्दा ठुलो प्रश्न हो ।

धेरै युवाको मनमा एउटै प्रश्न छ- यहाँ काम कहाँ छ ? कमाइ कति हुन्छ ? भविष्य के छ ? ऋण कसरी तिर्ने ? परिवार कसरी पाल्ने ? त्यसपछि उनीहरूले विदेशको बाटो रोज्छन् । विदेशमा जोखिम छ । तर नेपालमा अवसर नदेख्दा जोखिम पनि स्वीकार्न तयार हुन्छन् । युवाका लागि विदेश रोजाइ बन्नुमा यही मनोविज्ञानले काम गरेको देखिन्छ । तर विदेश पठाएर मात्र समस्या समाधान हुँदैन । देशभित्रै उत्पादन बढाउनुपर्छ । उद्यम बढाउनुपर्छ । सीप बढाउनुपर्छ । स्थायी रोजगारी बढाउनुपर्छ । श्रमको सम्मान बढाउनुपर्छ । तब मात्रै विदेश जाने निर्णय साँच्चिकै विकल्प बन्न सक्छ । बाध्यता होइन ।

चालू आव २०८३/८४ को सुरुआती दुई महिनाको तथ्याङ्कले पनि वैदेशिक रोजगारीप्रतिको निर्भरता घटेको देखाउँदैन । साउनमा ७० हजार ४४१ जनाले श्रम स्वीकृति लिए । भदौमा ६० हजार ४२ । दुई महिनामा करिब १ लाख ३० हजार नेपाली श्रमका लागि विदेशिए । यीमध्ये १ लाख १२ हजार ३१५ पुरुष र १८ हजार १६८ महिला छन् । साउनमा पुरुष ६० हजार ४७२ र महिला ९ हजार ९६९ थिए । भदौमा पुरुष ५१ हजार ८४३ र महिला ८ हजार १९९ । दुई महिनामै यति ठुलो सङ्ख्या । वर्षभरि कति पुग्ला ? यो प्रश्नको उत्तर वर्षको अन्त्यमा मात्र थाहा हुनेछ । तर सुरुआती आँकडाले एउटा कुरा देखाइसकेको छ । विदेशिने क्रम रोकिएको छैन ।

वैदेशिक रोजगारीमा जाने श्रमिकलाई यी विषयमा पर्याप्त जानकारी हुनु आवश्यक छ । सीप सिकेर जानु पनि उत्तिकै महत्वपूर्ण छ । कागजात बुझेर जानु । सम्झौता पढेर जानु । आफ्नो अधिकार बुझेर जानु । समस्या परे कहाँ सम्पर्क गर्ने भन्ने थाहा पाउनु । यी सामान्य कुरा जस्ता लाग्छन् । तर विदेश पुगेपछि यिनै कुरा जीवनरक्षक बन्न सक्छन् । एउटा दृश्य सम्झौं । बिहान त्रिभुवन विमानस्थल । युवा हातमा पासपोर्ट बोकेर उभिएको छ । आमा उसलाई हेरेर मुस्कुराइरहेकी छिन् । आँखा भने रसाएका छन् । छोरा भन्छ- 'चिन्ता नगर्नू ।' आमा भन्छिन्- 'समयमा खाना खानू ।' विमान उड्छ । आमा आकाशतिर हेर्छिन् ।

अर्को दृश्य । केही वर्षपछि । त्यही विमानस्थल । आमा फेरि उभिएकी छिन् । यसपटक छोरा विमानबाट झर्दैन । काठको बाकस आउँछ । आमाको आँखामा आँसु छ । तर यो आँसु खुसीको होइन । छोरा फर्किएको छ । तर जीवित छैन । यही दुई दृश्यको बीचमा नेपाली वैदेशिक रोजगारीको कथा लुकेको छ । पाँच वर्षमा ७ हजार १६९ शव नेपाल आए । त्यही पाँच वर्षमा लाखौं नेपाली विदेशिए । विदेशबाट अर्बौं रुपैयाँ नेपाल आयो । परिवार चले । अर्थतन्त्र चल्यो । घर बने । शिक्षा चल्यो । उपभोग बढ्यो । तर विदेशमा ज्यान गुमाएका परिवारको पीडा कसरी मापन गर्ने ? कुनै तथ्याङ्कले आमाको आँसु गन्न सक्दैन । कुनै रिपोर्टले बच्चाले बाबु खोजेको क्षण मापन गर्न सक्दैन । कुनै आर्थिक हिसाबले श्रीमान् गुमाएकी महिलाको जीवनको मूल्य निर्धारण गर्न सक्दिन । त्यसैले वैदेशिक रोजगारीलाई रेमिट्यान्सको चस्माबाट मात्र हेर्नु पर्याप्त हुँदैन । यो श्रमको विषय हो । यो सुरक्षाको विषय हो । यो परिवारको विषय हो । यो सामाजिक संरचनाको विषय हो । यो नेपाल देशको भविष्यको कस्तो बनाउने भन्ने विषय हो ।

त्यसैले विदेश जानेलाई सुरक्षित बनाऔं । देशमा अवसर बढाऔं । नेपालले तत्कालै सबै युवालाई देशमै रोक्न सक्दैन । रोक्नुपर्ने कुरा पनि होइन । विदेशमा अवसर छ भने नेपाली युवाले जान पाउनुपर्छ । तर सुरक्षित रूपमा । सम्मानका साथ । उचित पारिश्रमिकमा । सीपसहित । अधिकारसहित । साथै देशभित्र पनि रोजगारीका अवसर बढाउनुपर्छ । उत्पादन बढाउनुपर्छ । उद्योग खोल्नुपर्छ । कृषिलाई व्यवसायीकरण गर्नुपर्छ । पर्यटनमा रोजगारी सिर्जना गर्नुपर्छ । सूचना प्रविधिको अवसर बढाउनुपर्छ । युवाको सीपलाई बजारसँग जोड्नुपर्छ । तब मात्रै विदेश रोजगारी बाध्यता नभई विकल्प बन्न सक्छ ।

विमानस्थलको एउटा गेटबाट युवा बाहिरिन्छ । हातमा सुटकेस छ । मनमा सपना छ । पछाडि परिवार छ । अगाडि अपरिचित देश । ऊ जान्छ । घरबाट टाढा जान्छ । तर घरको आशा बोकेर जान्छ । उसले पैसा पठाउँछ । घर चलाउँछ । बच्चाको भविष्य बनाउँछ । बुढा आमाबुबाको औषधि किन्छन् । देशको अर्थतन्त्रमा योगदान गर्छ । तर अर्को गेटबाट कहिलेकाहीँ काठको बाकस पनि बाहिरिन्छ । त्यो बाकसमा पैसा हुँदैन । सपना हुँदैन । फोन हुँदैन । भविष्य हुँदैन । हुन्छ त एउटा शरीर मात्र । र हुन्छ, एउटा परिवारको जीवनभर नभरिने खाली ठाउँ ।

वैदेशिक रोजगार बोर्डको तथ्याङ्कमा पाँच वर्षमा ७ हजार १६९ शवको सङ्ख्या छ । तर त्यो आँकडाको पछाडि कति आँसु छन् ? कति रात निद्रा हराएका छन् ? कति बच्चाले बाबुलाई खोजेका छन् ? कति आमाले ढोकातिर हेरेर छोरा आउने आशा गरेका छन् ? कति श्रीमतीले जीवनभरको सहयात्री गुमाएका छन् ? यी प्रश्नको उत्तर कुनै तथ्याङ्कसँग छैन । त्यसैले विदेश जाने विमानको संख्या गन्ने देशले फर्किने काठका बाकस पनि गन्नुपर्छ । रेमिट्यान्सको हिसाब राख्ने देशले श्रमिकको सुरक्षाको हिसाब पनि राख्नुपर्छ । विदेश पठाउने देशले उनीहरूको सीपको मूल्य बुझ्नुपर्छ । रातोपाटीडटकमबाट साभार गरिएको छ ।

# मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न बिमा र पूर्वसूचना प्रणाली विस्तार गरिँदै : मन्त्री चौधरी



काठमाण्डु। सरकारले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि क्षतिपूर्ति, पूर्वसूचना प्रणाली, रोकथाम संरचना, स्थानान्तरण र वैकल्पिक बाली प्रवर्द्धनका कार्यक्रम सञ्चालनमा ल्याएको जनाएको छ । राष्ट्रियसभाको बिहीबारको बैठकमा कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले प्रश्नको जवाफ दिँदै चालु आर्थिक वर्षदेखि 'मानव-वन्यजन्तु सहअस्तित्व कार्यक्रम' सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो ।

उक्त कार्यक्रमअन्तर्गत ' म्यानेजिङ ह्युमन टाइगतर इन्टरफेस' आयोजना बर्दिया, चितवन र पर्सामा कार्यान्वयन सुरु गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा सहअस्तित्वका लागि राष्ट्रिय रणनीति तथा कार्ययोजना तयार गरी लागू गरिनेछ। जङ्गली रातो बाँदर र जङ्गली बँदेललाई देशभर एक वर्षका लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरिएको र उक्त व्यवस्था आगामी वर्ष पनि निरन्तरता दिने तयारी रहेको उहाँले जानकारी दिनुभयो ।

हात्ती, गैँडा, भालु, बाँदर, बँदेल र अर्नालगायत १६ प्रजातिका वन्यजन्तुबाट हुने मानवीय, कृषि बाली, पशुधन, भण्डारण गरिएको अन्न तथा घरगोठको क्षतिमा निर्देशिका बमोजिम राहत दिइँदै आएको उहाँले बताउनुभयो ।

नेपाल बिमा प्राधिकरणले गत असारमा वन्यजन्तु जोखिम केन्द्रित बिमालेख जारी गरेको उहाँले बताउनुभयो। मन्त्री चौधरीले १८ प्रजातिका वन्यजन्तुबाट हुने मानवीय, घर तथा भौतिक संरचना, पशुधन र कृषि बालीको क्षतिका लागि रु एक हजार ५०० बिमा शुल्कमा एक वर्षको एकीकृत बीमा हुने व्यवस्था गरिएको जानकारी दिनुभयो ।

बाघ, चितुवा तथा हात्तीजस्ता वन्यजन्तुको निगरानीका लागि ड्रोन, जीपीएस र क्यामेरा ट्र्याप प्रयोग गरी पूर्वसूचना प्रणाली अपनाइएको तथा संवेदनशील क्षेत्रमा सोलार फेन्स, ट्रेन्च, टावर र तारबार निर्माण तथा मर्मत भइरहेको उहाँले बताउनुभयो ।

वन्यजन्तुका लागि घाँसेमैदान तथा सिमसार व्यवस्थापन, उच्च मूल्यका वैकल्पिक बाली प्रवर्द्धन, समस्यामा परेका हिंस्रक वन्यजन्तुको उद्धार तथा होल्डिङ सेन्टरमा व्यवस्थापन र समुदायलाई उपकरण तथा द्रुत कोषमार्फत सहयोग गरिँदै आएको उहाँले जानकारी दिनुभयो । मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनसम्बन्धी अध्ययन कार्यदलले सिफारिससहित प्राविधिक प्रतिवेदन मन्त्रालयमा बुझाइसकेको र त्यसलाई कार्यान्वयन प्रक्रियामा अघि बढाइएको मन्त्री चौधरीले बताउनुभयो। रासस

# प्रविधिको चुनौतीदेखि जनताले भोगिरहेका समस्याको उठान



काठमाण्डु। प्रतिनिधिसभाको बैठकमा सांसदहरुले पछिल्लो प्रविधिका चुनौतिदेखि जनताले भोगिरहेका समस्याको उचित व्यवस्थापनसम्मका विषय उठाउनुभएको छ । प्रतिनिधिसभाको विशेष समयमा बोल्दै उहाँहरुले भोटेकोशी बाढीमा बेपत्ता नागरिकको खोजी, सुशासन कायम, विकास, समृद्धिलगायत विषयमा आफ्नो धारणा व्यक्त गर्नुभयो ।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खुसबु सरकार श्रेष्ठले आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता) को तीव्र विकासमा अवसरसँगै चुनौती पनि देखिएको बताउनुभएको छ । एआईले जनताको चाहना पहिचान गर्न सक्ने तर, मानवीय जवाफदेहिता दिन नसक्ने बताउनुभयो । उहाँले भन्नुभयो, "एआईलाई मान्छेको विकल्प होइन, हाम्रो क्षमता बढाउने साधन मात्रै बनाउनुपर्छ ।"

नेपाली कांग्रेसका सांसद बासना थापाले भोटेकोशी बाढीमा बेपत्ता नागरिकको खोजीसम्बन्धी जिल्लागत र व्यक्तिगत विवरण सार्वजनिक गर्न सरकार समक्ष माग गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद विष्णुमाया विकले अघिल्लो राजनीतिक नेतृत्वले मुलुकको विकासमा महत्त्वपूर्ण योगदान दिएको जानकारी गराउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद बलावती शर्माले वर्तमान सरकारलाई लोकतान्त्रिक मूल्य-मान्यताको आत्मसात गर्दै कार्य सम्पादन गर्न आग्रह गर्नुभयो ।

श्रम संस्कृति पार्टीका सांसद पूर्णप्रसाद लिम्बूले सङ्खुवासभामा अरुण तेस्रो परियोजनाको मुख्य सुरुङ निर्माण गर्ने क्रममा हाइड्रो कम्पनी र स्थानीयबीच धेरै वर्ष अघि गरेको सम्झौता अहिलेसम्म पनि कार्यान्वयन नभएको विषयमा सरकारसमक्ष ध्यानार्कषण गराउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद खुश्बु ओलीले नेपाल सरकारले स्थापना गरेको 'सफ्टवेयर विकास तथा सञ्चालन केन्द्र' को कार्यकारी निर्देशक नियुक्तिमा अपारदर्शिता देखिएको आरोप लगाउँदै तत्काल संसदीय छानबिन समिति गठन गरी दोषीलाई अनुसन्धानका दायरामा ल्याउनुपर्ने माग गर्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद श्रीराम न्यौपानेले जलस्रोतको उचित सदुपयोग गर्दै देशको समृद्धि र विकासमा जोड दिनुपर्ने धारणा राख्नुभयो ।

कांग्रेसका सांसद नीनुकुमारी कर्णले जनकपुर विमानस्थलको स्तरोन्नतितर्फ विशेष ध्यान पुर्याउन सरकारसँग आग्रह गर्नुभयो। एमालेका सांसद चन्देश्वर मण्डलले पुर्वप्रधानन्यायाधीस चोलेन्द्रशमशेर जबरालाई पक्राउ गर्नु उचित नभएको बताउनुभयो ।

श्रम संस्कृति पार्टीका सांसद राधिका रम्तेलले नजिकिँदै गरेको चाडपर्वमा बढ्दो महँगी, कालोबजारी र असुरक्षित यातायात हुन नदिने बताउनुभयो ।

रास्वपाका सांसद आकृति अवस्थीले जेनजी आन्दोलनमा सहभागी भएका निर्दोष नागरिकलाई यथासिघ्र न्याय दिनुपर्ने बताउनुभयो ।

कांग्रेसका सांसद भरतबहादुर खड्काले अन्तरराष्ट्रिय क्षेत्रमा नेपालले विश्वश्नीयता बढाउनुपर्ने अवस्था आएको बताउनुभयो । एमालेका सांसद टुकाभद्रा हमालले अलैची खेती र त्यसको मूल्यमा आएको गिरावटले किसानलाई मर्का परेको बताउँदै अलैँचीको विश्वबजार विस्तारका लागि सरकारलाई तत्काल कूटनीतिक पहल गर्न माग गर्नुभयो ।

रास्वपाका सांसद मनिष खनालले विद्यालयमा विद्यार्थी टिकाइ राख्न सरकारले आवश्यक कदम यथासिघ्र चाल्नुपर्ने सुझाव दिनुभयो । एमालेका सांसद एसुदाकुमारी बरालले राज्यको स्रोत र पहुँचबाट कर्णाली प्रदेशलाई वञ्चित नगर्न आग्रह गर्नुभयो ।

रास्वपाका सांसद राजन गौतमले व्यवस्था होइन, अवस्था सुधार्न जेनजी पुस्ता उदाएको बताउनुभयो ।

रास्वपाका सांसद शम्भुप्रसाद ढकालले पछिल्लो राजनीतिक नेतृत्वले विगतमा गरेको गल्ती सच्चाएर जनताको हितमा समर्पित हुनुपर्ने धारणा राख्नुभयो ।

रास्वपाका सांसद रञ्जु न्यौपाने काठमाडौँमा नयाँ ट्याक्सी दर्ता बन्द भएको र ट्याक्सी श्रमिकलाई अन्याय भएको विषयमा ध्यानाकर्षण गराउनुभयो । रास्वपाका कामिनी कुमारीले महोत्तरीको गौशाला नगरपालिका-५ कित्ता नम्बर ११५ मा बसोबास गर्दै आएका स्थानीय हाल समस्यामा परेकाले उचित बासस्थानको व्यवस्था गर्न माग गर्नुभयो।

बैठकमा सांसदहरु श्रीधर पोखरेल, रुवीना आचार्य, सागर भुसाल र प्रकाश पाठकले समेत नागरिकका समसामयिक विषयबारे आ-आफ्नो धारणा राख्नुभएको थियो। रासस

# प्रधानमन्त्री शाहसँग अष्ट्रेलियाका राजदूत अर्न्स्टको शिष्टाचार भेट

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहसँग नेपालका लागि अष्ट्रेलियाका राजदूत साइमन अर्न्स्टले शिष्टाचार भेट गर्नुभएको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा आज भएको भेटमा प्रधानमन्त्री शाहले बाढी तथा विपद्का कारण उत्पन्न यस कठिन घडीमा नेपाल र नेपाली जनताप्रति अष्ट्रेलिया सरकारबाट व्यक्त ऐक्यबद्धता, सद्भाव र मानवीय सहयोगका लागि हार्दिक कृतज्ञता व्यक्त गर्नुभयो ।



प्रधानमन्त्री शाहले खोज, उद्धार तथा राहत कार्यमा अष्ट्रेलियाले पुर्याएको महत्त्वपूर्ण सहयोग, विपद् सहायता तथा विपद् सहायता टोलीको परिचालन, विशेषज्ञ जनशक्तिको सहयोग तथा आवश्यक राहत सामग्री र उपकरणको उपलब्धताका लागि विशेष धन्यवाद दिनुभयो । अष्ट्रेलियाले घोषणा गरेको ११ मिलियन अष्ट्रेलियन डलर बराबरको मानवीय सहायता नेपालप्रतिको अष्ट्रेलियाको मित्रता र ऐक्यबद्धताको महत्त्वपूर्ण अभिव्यक्ति भएको उहाँले उल्लेख गर्नुभयो । त्यस अवसरमा वाढी प्रभावित समुदायको राहत, पुनःस्थापना तथा पुनर्निर्माणका साथै आगामी दिनमा विपद् जोखिम न्यूनीकरण र प्रतिरोध क्षमता अभिवृद्धिका लागि निरन्तर सहकार्यको विषयमा कुराकानी भएको थियो ।

जलवायु परिवर्तनका कारण नेपालजस्ता पर्वतीय मुलुकले भोगिरहेका बढ्दो जोखिमलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय समुदायको साझा प्रयास 'क्षति र नोक्सानी' सम्बन्धी वित्तीय संयन्त्रमा सहज, पर्याप्त तथा पूर्वानुमानयोग्य पहुँचको महत्वमा समेत प्रधानमन्त्री शाहले जोड दिनुभयो ।

भेटमा राजदूत साइमन अर्न्स्टले प्राकृतिक विपद्का कारण नेपालले बेहोरेको क्षतिप्रति दुःख व्यक्त गर्नुभयो । साथै, उहाँले हालै संयुक्त राष्ट्रसङ्घमा नेपालले जनाएको सशक्त र प्रभावकारी उपस्थितिको समेत प्रशंसा गर्नुभएको थियो । भेटका क्रममा नेपाल-अष्ट्रेलिया सम्बन्धका विविध पक्षका साथै विपद् व्यवस्थापन, जलवायु, मानव संसाधन विकास तथा दीर्घकालीन सहकार्यका विषयमा समेत छलफल भएको थियो । रासस

# राष्ट्रियसभामा पूर्वप्रधानन्यायाधीश जबरा पक्राउबारे जवाफ माग

काठमाण्डु । सांसदहरूले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई प्रहरीले नियन्त्रणमा लिएको विषयमा सरकारसँग स्पष्ट जवाफ माग गर्नुभएको छ ।



राष्ट्रियसभाको बिहीबारको बैठकमा शून्य समयमा भाग लिँदै उहाँहरूले जबरालाई नियन्त्रणमा लिइएको घटनाको कारण, कानुनी आधार र सरकारको धारणा संसद्मार्फत स्पष्ट गर्न सभाअध्यक्षमार्फत माग गर्नुभयो ।

सांसद खम्मबहादुर खातीले पूर्वप्रधानन्यायाधीश जबरालाई प्रहरीले नियन्त्रणमा लिएको विषयमा सभाध्यक्षमार्फत सरकारसँग स्पष्ट जवाफ माग गर्नुभयो ।

सांसद महन्थ ठाकुर र रामकुमारी झाँक्रीले पूर्वप्रधानन्यायाधीश जबराको गिरफ्तारीप्रति विरोध जनाउनुभयो। उहाँहरूले यसबारे गृहमन्त्रीले सदनमार्फत स्पष्ट जवाफ दिनुपर्ने उहाँहरूको माग थियो ।

पूर्वप्रधानन्यायाधीश जबरालाई असोज ११ गते राति काठमाडौँको महाराजगञ्जस्थित निवासबाट काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले नियन्त्रणमा लिएको थियो ।

प्रहरीले नियन्त्रणमा लिनुको कारण तत्काल सार्वजनिक नगरेको भन्दै सभा सदस्यहरूले उहाँलाई सोधपुछपछि घरमै सुरक्षा दिनेगरी छाडिएको सार्वजनिक विवरणबारे सरकारसँग जानकारी माग गरेको हो ।

बैठकमा सांसद चन्द्रबहादुर केसीले प्रधानमन्त्रीको सीमासम्बन्धी अभिव्यक्ति संसद्को अभिलेखबाट हटाउन माग गर्नुभयो । धमेन्द्र पासवानले रौतहटमा होचो बाँधका कारण समस्या हुने गरेको भन्दै अग्लो तटबन्ध निर्माण गर्न माग गर्नुभयो ।

सांसद मीना सिंह रखालले कर्णालीका सडक जोखिमपूर्ण रहेकाले दुर्घटना न्यूनीकरणका लागि सडक तथा पुल निर्माणमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद रेखाकुमारी झाले वर्षायाममा हुने बाढी, पहिरो र डुबानबाट हुने क्षति न्यूनीकरण तथा प्रभावित नागरिकलाई सुरक्षित बासस्थान र पुनःस्थापनाको व्यवस्था गर्न माग गर्नुभयो । सांसद रोशनी मेचेले मोबाइल बैंकिङलाई सुरक्षित बनाउन तथा बैंकिङ प्रणालीमार्फत नागरिकको सम्पत्तिको सुरक्षामा जिम्मेवार बन्न माग गर्नुभयो ।

सांसद सम्झना देवकोटाले गोरखामा प्राकृतिक विपद्सँगै हिमपातका कारण पर्यटकले सास्ती खेप्नुपरेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सोमनाथ पोर्तेलले झापामा जङ्गली हात्तीका कारण किसानको धानबालीमा वर्षेनि क्षति भइरहेको भन्दै पर्याप्त क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्नुभयो । रासस


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रनिगाहपुर, रौतहटका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०६/१६ गते शुक्रबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/१२/१६ गते शुक्रबारको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितो लिलाम विक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले मिति मिति २०८१/०४/१० गते बिहिबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७(सात)दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०६/२३ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा अपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७८/०५/०८ मा प्रा.फ.र.नं. ११७६२/४३२ मा दर्ता भई आन्तरिक राजश्व कार्यालय सिमरा करदाता सेवा कार्यालय चन्द्रपुर, रौतहटबाट मिति २०७८/०५/१० मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१६४९७१७३ को प्रमाणपत्र प्राप्त **शनि किराना स्टोर्स ।**
**ठेगाना :** रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ९ (साविक डुमरीया म. गा.वि.स. वडा नं. २)।

**प्रोप्राइटर/जमानतकर्ताः प्रमिला कुमारी** (ना.प्र.नं.१९३०७९/२६८४ जारी मिति २०६३/१२/२८ जि.प्र.का. सलार्ही ।
ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ९ (साविक बरहथवा गा.वि.स. वडा नं. ८, सलाही)।
बाबु : श्रीदास बनियाँ ।
पति : सन्तोष दास । ससुरा : गरभु दास ।

**जमानतकर्ताः सन्तोष दास** (ना.प्र.नं.०३२३०८९/६२ जारी मिति २०६३/१२/१६ जि.प्र.का. रौतहट)।
ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ९ (साविक समनपुर गा.वि.स. वडा नं.६, रौतहट)।
बाबु : गरभु दास ।
बाजे : जानकी दास ।

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**
१. **प्रोप्राइटर प्रमिला कुमारी**की नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला डुमरिया मटियौन गा.वि.स वडा नं. २, नक्सा सिट नं २ख स्थित कित्ता नं. १३०५ को क्षेत्रफल ०-०-१०-० (विघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..................१
२. **संन्तोष दास**को नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला डुमरिया मटियौन गा.वि.स वडा नं. २ नक्सा सिट नं २ख स्थित कित्ता नं. १३०६ को क्षेत्रफल ०-०-१०-० (विघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..................१
३. ऋणी **शनि किराना स्टोर्स**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ...............१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय चन्द्रनिगाहपुरबाट** प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकार कर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय चन्द्रनिगाहपुरमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**



**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल**

**बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३।०६।१६ गते)

यस प्रतिष्ठान तथा यस अन्तर्गत संचालित प्रादेशिक अस्पतालको लागि तपशिलका सेवा खरिद तथा फोहर व्यवस्थापन सम्बन्धी सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद तथा अस्पतालबाट निस्केका प्लाष्टीकजन्य पदार्थ बिक्री गरी फोहर व्यवस्थापन गर्नुपर्ने भएकोले उक्त सेवा आपुर्ति गर्न ईच्छुक इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनीले रीतपुर्वकको सिलबन्दी बोलपत्र यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाममा निर्धारित समयभित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र सम्बन्धी विस्तृत जानकारी एवं शर्तहरु बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरीएको व्यहोरा जानकारी गराइन्छ। साथै बोलपत्र सम्बन्धि कागजात (हार्ड कपी ) तथा थप जानकारी आवश्यक परे कार्यालय खुलेको समय भित्र यस कार्यालयबाट प्राप्त गर्न सकिन्छ। बिस्तृत सुचना यस प्रतिष्ठानको Website: www.mihs.edu.np बाट हेर्न सकिन्छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | ठेक्का सम्बन्धी विवरण | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम बुझाउने अन्तिम मिति | बोलपत्र फारम खुल्ने मिति | बोलपत्र जमानत रकम रु | बोलपत्र खरिद रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | MIHS /NCB/ LM/2083-84/03 | वासिंग/लौन्डरी सेवा खरिद | २०८३।०७।१२ | २०८३।०७।१३ दिनको १२ बजे सम्म | २०८३।०७।१३ दिनको २ बजे | ५५,००० | ३,००० |
| २ | MIHS /NCB/ WM/2083-84/04 | फोहर(Waste) व्यवस्थापन | २०८३।०७।१२ | २०८३।०७।१३ दिनको १२ बजे सम्म | २०८३।०७।१३ दिनको २ बजे | ५०,००० | ३,००० |

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**जनकपुरधाम, धनुषा**

# मोदीद्वारा भारतीय पाइलटको प्रशंसा



एएफपी। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुबई-तेल अभिभ उडानमा सह-पाइलटसँग विमानको नियन्त्रणका लागि सङ्घर्ष गर्दा घाइते हुनुभएका भारतीय क्याप्टेन स्मित मच्छरको साहसको प्रशंसा गर्नुभएको छ । उहाँले क्याप्टेन मच्छरलाई 'नायक' भन्दै गम्भीर खतराबीच पनि अरूको ज्यान जोगाउन उहाँले देखाउनुभएको साहस र दृढताको प्रशंसा गर्नुभएको हो ।

फ्लाईदुबईको उक्त उडानमा रहेका सबै १७४ यात्रु सुरक्षित रहेको एयरलाइन्सले जनाएको छ । सञ्चारमाध्यमका अनुसार तीमध्ये १६६ जना इजरायली नागरिक थिए । विमानमा सह-पाइलटसँगको सङ्घर्षका क्रममा क्याप्टेन मच्छर घाइते हुनुभएको थियो ।

मोदीले सामाजिक सञ्जालमा जारी गर्नुभएको सन्देशमा गम्भीर रूपमा घाइते भए पनि क्याप्टेन मच्छरले असाधारण साहस र अटुट सङ्कल्पका साथ अरूको जीवन रक्षा गर्नुभएको बताउनुभएको छ । उहाँको वीरताले ठूलो दुर्घटना रोक्न र सयौँको ज्यान जोगाउन सहयोग पुगेको उल्लेख गर्दै मोदीले क्याप्टेन मच्छरको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ ।

यसअघि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले पनि क्याप्टेन मच्छरको असाधारण बहादुरीको प्रशंसा गर्नुभएको थियो । घाइते अवस्थामा पनि उहाँले विमानमा हुन सक्ने ठूलो दुर्घटना रोक्न सङ्घर्ष गर्नुभएको नेतान्याहुले बताउनुभएको थियो ।

भारतीय सञ्चारमाध्यमका अनुसार ३० वर्षीय क्याप्टेन मच्छर मुम्बईका हुनुहुन्छ । उहाँका अभिभावक उपचाररत उहाँलाई भेट्न साउदी अरेबिया पुग्नुभएको बताइएको छ । मच्छरसँग बोइङ-७३७ विमानमा १३ वर्षभन्दा बढीको व्यावसायिक उडान अनुभव रहेको र सन् २०२२ देखि फ्लाईदुबईका लागि उडान गर्दै आउनुभएको उहाँको लिङ्कडइन विवरणमा उल्लेख छ । उहाँले यसअघि भारतीय एयरलाइन्स स्पाइसजेटमा पनि काम गर्नुभएको थियो ।

क्याप्टेन मच्छरले सन् २०२५ मा एक पोडकास्टमा आफ्नो पाइलट बन्ने यात्राबारे बताउनुभएको थियो । परिवारको कपडा व्यवसायमा सहयोग गर्न व्यवस्थापन अध्ययन गरिरहेका बेला एउटा सेमिनारमा सहभागी भएपछि आफू उड्डयन क्षेत्रमा आकर्षितभएकोउहाँलेबताउनुभएको थियो । पहिलो व्यावसायिक उडानलाई जिम्मेवारीका कारण चुनौतीपूर्ण अनुभवका रूपमा स्मरण गर्दै उहाँले उडान क्षेत्रमा काम गर्दा दबाब सामना गर्न सिकेको बताउनुभएको थियो । "तनावले कम्तीमा यस उद्योगमा मद्दत गर्ने छैन", उहाँले भन्नुभएको थियो ।

# एआई सुरक्षाबारे एन्थ्रोपिक र ओपनएआईमाथि अनुसन्धान

एएफपी । अमेरिकी सङ्घीय व्यापार आयोग (एफटीसी) ले कृत्रिम बौद्धिकता (एआई) का सुरक्षा अभ्यासबारे एन्थ्रोपिक र ओपनएआईमाथि व्यापक अनुसन्धान सुरु गरेको छ । 'द वासिङ्टन पोस्ट' ले बुधबार एफटीसीका एक वरिष्ठ अधिकारीलाई उद्धृत गर्दै अनुसन्धानबारे जानकारी दिएको हो ।

अमेरिकामा उपभोक्तालाई असर पार्ने अनुचित तथा भ्रामक अभ्यासको अनुसन्धान गर्ने एफटीसीलाई व्यापक अधिकार रहेको छ । यद्यपि अनुसन्धानको विस्तृत दायरा सार्वजनिक गरिएको छैन र अनुसन्धान सुरु हुँदैमा सम्बन्धित कम्पनीहरूले कुनै गलत काम गरेको आरोप प्रमाणित हुने अर्थ नलाग्ने अधिकारीले स्पष्ट गरेका छन् ।

एआई सुरक्षाबारे विश्वव्यापी चिन्ता बढिरहेका बेला एफटीसीको अनुसन्धान अघि बढेको हो । एन्थ्रोपिक र ओपनएआई दुवैले आफ्ना एआई प्रणाली निर्धारित वातावरणभन्दा बाहिर सञ्चालन भएका घटनाबारे जानकारी दिएका छन् ।

त्यस्ता घटनामध्ये ओपनएआईका एजेन्टहरू अर्कोएआई कम्पनी 'हगिङ फेस' को प्रणालीमा प्रवेश गर्ने क्रममा स्यान्डबक्सबाट बाहिरिएको घटनासमेत रहेको छ । एआई प्रणालीलाई निश्चित सीमाभित्र सञ्चालन गराउन प्रयोग गरिने सुरक्षा वातावरणबाट बाहिरिनुलाई सुरक्षासम्बन्धी चिन्ताको विषय मानिएको छ ।

ओपनएआईले एआई सुरक्षासम्बन्धी चिन्ताका कारण सोमबार एउटा मोडल सार्वजनिक गर्ने निर्णयसमेत रद्द गरेको छ । यसैबीच एन्थ्रोपिक र ओपनएआईका अधिकारीहरूले एआई सुरक्षा उपाय थप बलियो बनाउन समन्वयात्मक रूपमा विकासको गति केही समय सुस्त बनाउने प्रस्तावसमेत अघि सारेका छन् ।

एफटीसीको अनुसन्धानले एआई कम्पनीहरूले विकास गरिरहेका प्रविधिको सुरक्षा, उपभोक्तामाथि पर्न सक्ने प्रभाव तथा कम्पनीका सुरक्षा अभ्यासप्रति अमेरिकी नियामक निकायको चासो बढेको देखाएको छ ।

# रोनाल्डोले छाडे पोर्चुगल क्याम्प



**टुडे समाचारदाता**

काठमाण्डु । पोर्चुगलको राष्ट्रिय फुटबल टोलीको प्रशिक्षण क्याम्प क्रिस्टियानो रोनाल्डोले छाडेका छन् । क्याम्प छाड्नुको कारण भने उनले 'समय आएपछि' सार्वजनिक गर्ने बताएका छन् ।

रोनाल्डोले सामाजिक सञ्जालमार्फत आफूले राष्ट्रिय टोलीको क्याम्प छाड्ने निर्णय गरेको जानकारी दिएका हुन्। पोर्चुगल फुटबल महासंघका अध्यक्षसँग कुराकानी गरेपछि क्याम्प छाड्ने निर्णयमा पुगेको उनले बताएका छन् ।

'राष्ट्रिय टोलीको पत्रकार सम्मेलनपछि र पोर्चुगल फुटबल महासंघका अध्यक्षसँगको कुराकानीपछि मैले राष्ट्रिय टोलीको प्रशिक्षण क्याम्प छाड्ने निर्णय गरेको छु,' रोनाल्डोले लेखेका छन्, 'समय आएपछि म किन क्याम्प छाड्ने निर्णयमा पुगेँ भन्ने सम्पूर्ण सत्य पोर्चुगलका जनतालाई बताउनेछु ।'

उनले आगामी खेलका लागि टोलीका सहकर्मीलाई शुभकामना दिएका छन्। रोनाल्डोको क्याम्प छाड्ने निर्णय प्रशिक्षक जोर्जे जेसुससँगको असमझदारीको चर्चाबीच आएको हो। यसअघि रोनाल्डोले प्रशिक्षण गर्न अस्वीकार गरेको दाबी सार्वजनिक भए पनि जेसुसले टोलीभित्र कुनै विवाद नरहेको बताएका थिए ।

नर्वेविरुद्धको खेलमा रोनाल्डो बेन्चमै बसेपछि विवादको चर्चा चुलिएको थियो। ओस्लोमा भएको खेलमा पोर्चुगल २-१ ले विजयी हुँदा रोनाल्डो मैदान प्रवेश गरेनन् । खेल सकिएपछि उनी टोलीका अन्य खेलाडीसँग समर्थकतर्फ नगई सिधै ड्रेसिङ रुमतर्फ लागेका थिए ।

यसले प्रशिक्षकसँग रोनाल्डो असन्तुष्ट रहेको अड्कलबाजीलाई बल पुगेको थियो । तर डेनमार्कविरुद्धको नेसन्स लिग खेलअघि जेसुसले रोनाल्डोसँग कुनै घटना वा विवाद नभएको स्पष्ट पारेका थिए ।

'कुनै घटना नै भएको थिएन। म आफैं पनि खेलाडी थिएँ। कुनै खेलाडी २० वा ३० मिनेट वार्मअप गरेर पनि मैदानमा प्रवेश गर्न पाएन भने ऊ खुसी हुँदैन,' जेसुसले भने ।

जेसुसका अनुसार नर्वेविरुद्धको खेलअघि उनले रोनाल्डोलाई सुरुआती टोलीमा नराख्ने जानकारी दिएका थिए। खेलको अवस्था हेरेर पछि मैदानमा उतार्न सक्ने पनि उनले बताएका थिए । तर अन्ततः रोनाल्डोलाई मैदान प्रवेश नगराउने निर्णय जेसुसले गरेका थिए ।

'पछि प्रशिक्षकका रूपमा मैले उनलाई मैदानमा नपठाउने निर्णय गरेँ। यसलाई ठूलो विषय बनाउनुपर्ने कुनै कारण छैन,' उनले भने ।

मंगलबार रोनाल्डोले प्रशिक्षण गर्न अस्वीकार गरेको दाबी पनि जेसुसले अस्वीकार गरेका थिए। उनका अनुसार रोनाल्डोले 'मोबिलिटी' र 'स्ट्रेन्थेनिङ' सम्बन्धी व्यक्तिगत अभ्यास गरेका थिए र बुधबार टोलीसँग सामान्य प्रशिक्षणमा सहभागी हुने कार्यक्रम थियो ।

तर डेनमार्कमा टोलीले प्रशिक्षण गर्दा रोनाल्डो भने सहकर्मीसँग मैदानमा देखिएनन्। पोर्चुगिज सञ्चारमाध्यमले उनलाई पार्केन रंगशालाबाट टोलीका दुई ब्याकरुम स्टाफसँग बाहिरिँदै गरेको भिडियो सार्वजनिक गरेका थिए ।

रोनाल्डोले यसै वर्षको विश्वकपपछि अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिनेबारे विचार गरेको बताएका थिए। तर करिअरमा १ हजार गोल पूरा गर्ने लक्ष्यका कारण उनले राष्ट्रिय टोलीमा निरन्तरता दिने निर्णय गरेका थिए ।

हालको अन्तर्राष्ट्रिय विश्रामका लागि जेसुसले घोषणा गरेको २५ सदस्यीय टोलीमा रोनाल्डो समावेश थिए । उनले नेसन्स लिगअन्तर्गत वेल्सविरुद्धको पहिलो खेलमा सुरुआती टोलीबाट खेलेका थिए ।

नर्वेविरुद्ध निर्णायक गोल गरेका गोन्कालो रामोसलाई जेसुसले डेनमार्कविरुद्ध पनि रोनाल्डोभन्दा प्राथमिकता दिने संकेत गरेका थिए ।

'यदि मलाई रोनाल्डोको आवश्यकता पऱ्यो भने उनी मैदानमा आउनेछन् । आवश्यकता परेन भने आउने छैनन्,' जेसुसले भनेका थिए ।

पोर्चुगल फुटबल महासंघले रोनाल्डोले टोली छाडेको पुष्टि गर्दै बाँकी २४ खेलाडीसहित डेनमार्क र नर्वेविरुद्धका खेलको तयारी पूर्वनिर्धारित योजनाअनुसार अघि बढ्ने जनाएको छ । महासंघका अनुसार टोलीको ध्यान आगामी खेल र निर्धारित लक्ष्यमा केन्द्रित रहनेछ ।

# फ्लाईदुबईका पाँच यात्रुलाई 'वीरता पुरस्कार' दिने घोषणा




एएफपी । इजरायली राष्ट्रपति आइज्याक हर्जोगले बिहीबार पाँच इजरायली यात्रुलाई 'वीरता' पुरस्कार दिने घोषणा गर्नुभएको छ । ती यात्रुले फ्लाईदुबईको सह-चालकलाई नियन्त्रणमा लिई उनीहरू सवार विमान दुर्घटना गराउने प्रयास रोकेका थिए ।

"तपाईंहरूले अरूलाई बचाउन आफूलाई जोखिममा पार्नुभयो र ठूलो विपत्ति रोक्नुभयो। आज संसारले इजरायली समाजको सुन्दर र साहसी अनुहार देख्यो," इररायलमा मुख्यतया औपचारिक भूमिकामा रहनुहुने राष्ट्रपति हर्जोगले जारी गरेको एक वक्तव्यमा भन्नुभएको छ।

उहाँले भन्नुभयो, "म तपाईंहरूमाथि गर्व गर्छु र इजरायलको तर्फबाट धन्यवाद दिन्छु।"

उहाँले विमान चालक भारतीय नागरिक स्मित मच्छाको पनि मुक्तकण्ठाले प्रशंसा गर्नुभएको छ।

इजरायली अधिकारीहरूका अनुसार सह-पाइलटले चक्कु प्रहार गरेपछि उहाँले ककपिटको ढोका खोली यात्रु र चालकदलका सदस्यलाई सूचना गरी उनीहरूको सहयोगमा आक्रमणकारीलाई नियन्त्रणमा लिएर विमान बचाउन सफल हुनुभएको थियो ।

हर्जोगको कार्यालयले सुरुमा चार जना पुरस्कार विजेताको नाम घोषणा गरेको थियो तर पछि पाँचौं व्यक्तिको रूपमा ताली मानेसको नाम थपेको थियो । उहाँका पतिलाई पहिले पुरस्कार दिने घोषणा गरिएका चार जनामा समावेश गरिएको थियो ।

राष्ट्रपतिको कार्यालयका अनुसार मानेसले ककपिटमा हल्लीखल्ली सुनेर पहिलो पटक यात्रुहरूलाई सचेत गराउनुभएको थियो र सहयोग माग्नुभएको थियो ।

राष्ट्रिय नागरिक वीरता पुरस्कार पाउने अन्य इजरायलीहरूमा यानिभ हायुन पनि रहनुभएको छ । उहाँ पेशाले प्लम्बर हुनुहुन्छ तर उहाँले नै ककपिटमा पसेर सह-चालकलाई नियन्त्रणमा लिन पहिलो पहल गर्नुभएको थियो ।

हायुनलाई रगत लागेको सर्टमा नै बुधबार इजरायल फर्केपछि बेन गुरियन विमानस्थलमा प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले व्यक्तिगत रूपमा स्वागत गर्नुभएको थियो ।

यात्रुहरूले एक महिलाले चिच्याएर चालकमाथि चक्कु प्रहार भएको बताएपछि हायुन ककपिटतिर दौडेर गई आक्रमणकारी सहचालकलाई बचाउन सहयोग गर्नुभएको थियो ।

"यो असाधारण घटना थियो," आक्रमणकारीलाई नियन्त्रणमा लिन सहयोग गर्ने र पुरस्कार पाउने आसफ राजुआनले उद्धारकार्यबारे राष्ट्रपतिसँगको प्रतिक्रियामा भन्नुभएको थियो ।

उहाँले भन्नुभयो, "हामी असहाय महसुस गर्दै थियौं, हावामा तैरिरहेका थियौं र यो कार्य आफु बाँच्न, परिवार, मानिस र बच्चाहरूलाई बचाउन निर्विकल्प कार्य थियो ।"

# सह-पाइलटको आक्रमणपछि भारतीय पाइलटको प्रशंसा



एएफपी । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले उडानका क्रममा सह-पाइलटको आक्रमणपछि विमानलाई नियन्त्रणमा लिएर सम्भावित ठूलो दुर्घटना रोक्न भूमिका खेलेका भारतीय पाइलट तथा यात्रुहरूको प्रशंसा गर्नुभएको छ ।

दुबईबाट तेल अभिभका लागि उडेको फ्लाईदुबाई विमानका सह-पाइलटले अर्का पाइलटमाथि आक्रमण गरेपछि विमान एक मिनेटभित्र करिब १७ हजार फिट तल झरेको र मार्ग परिवर्तन गरी साउदी अरेबियाको तबुकमा आकस्मिक अवतरण गर्नुपरेको थियो । विमानमा रहेका १७४ यात्रुमध्ये १६६ जना इजरायली नागरिक रहेको सञ्चारमाध्यमले जनाएका छन् । सबै यात्रु सुरक्षित रहेको फ्लाईदुबाईले जनाएको छ ।

प्रधानमन्त्री नेतान्याहुले सह-पाइलटले विमान दुर्घटनामा पारेर सबै यात्रुलाई मार्ने प्रयास गरेको बताउनुभयो ।

उहाँले यात्रुहरूले ठूलो विपत्ति रोक्न सहयोग गरेको भन्दै प्रशंसा गर्नुभयो । साथै, घाइते भारतीय पाइलट स्मित मच्छरले असाधारण बहादुरी देखाउँदै प्रतिकार गरेर विमानमा ठूलो दुर्घटना हुन नदिएको बताउनुभयो ।

भारतीय दूतावासका अनुसार घाइते पाइलटको साउदी अरेबियाको अस्पतालमा उपचार भइरहेको छ । तबुक विमानस्थल सञ्चालन गर्ने कम्पनीले सह-पाइलट पनि अवतरणका क्रममा घाइते भएको जनाएको छ। फ्लाईदुबाईले घटनाको अनुसन्धान भइरहेकाले इजरायलका लागि आफ्ना उडान स्थगित गरेको जनाएको छ ।

यात्रु मिरियम शिरा ओहायोनले विमान केही समय 'धेरै हदसम्म नियन्त्रण बाहिर' रहेको बताउनुभयो । उहाँका अनुसार सह-पाइलटले पाइलटको हत्या गर्ने प्रयास गरेपछि यात्रुहरूले उनलाई नियन्त्रणमा लिन सहयोग गरेका थिए ।

अर्का यात्रु अल्मोग इटालीले ककपिटनजिकै झगडा सुरु हुनुअघि विमानमा ठूलो अशान्ति भएको र अगाडिका यात्रुले स्थिति नियन्त्रणमा लिन सहयोग गरेको बताउनुभयो ।

इजरायलको विदेश मन्त्रालयले घटनालाई इजरायल र संयुक्त अरब इमिरेट्सबीचको सम्बन्ध बिगार्ने उद्देश्यले गरिएको 'आतङ्कवादी आक्रमणको प्रयास' भनेको छ । रक्षामन्त्री इजरायल काट्जले यसलाई 'जिहादी आतङ्कवादी आक्रमणको प्रयास' भन्नुभएको छ ।

# दक्षिणी लेबनानमा इजरायली हवाई आक्रमण जारी

एएफपी । दक्षिणी लेबनानमा बिहीबार पनि इजरायली आक्रमणहरू जारी रहेको जनाइएको छ भने आक्रमणका क्रममा दक्षिणी क्षेत्रका विभिन्न स्थानहरूलाई लक्षित गरी हवाई आक्रमण, तोपखाना प्रहार गर्नुका साथै मेसिनगनबाट गोलाबारी गरिएको छ ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सी एनएनएका अनुसार इजरायली विमानहरूले जावतार अल-शर्किया क्षेत्रको बाहिरी इलाकाबाट माइफादुन तर्फको क्षेत्रमा आक्रमण गरे भने नबातिह अल-फौका को बाहिरी भागमा रहेको अली अल-ताहेर पहाडमा पटक-पटक गाली प्रहार गरियो ।

इजरायली सेनाका सवारी साधनहरू बिन्ट जबेल जिल्लाको हद्दाथा सहर हुँदै अघि बढ्दा उनीहरूले मेसिनगनबाट गरिएको गोलीबारीको प्रभावमा परेको जनाइएको छ ।

लेबनानको दक्षिणी सीमा क्षेत्रमा तनाव र द्वन्द्व बढ्दै गएको तथा आक्रमणको दायरा फराकिलो हुँदै आवासीय क्षेत्रहरूलाई निरन्तर निशाना बनाइएकोमा चौतर्फी चिन्ता व्यक्त भइरहेका समयमा यस्ता घटनाक्रमहरू देखिएका हुन् ।

लेबनान र इजरायलले गत जुनमा अमेरिकाको मध्यस्थतामा एउटा सम्झौतामा हस्ताक्षर गरेका थिए । उक्त सम्झौतामा लेबनानी सेनाको क्रमशः तैनाथी, कब्जा गरिरहेको सेनाको फिर्ती तथा पुनर्निर्माण र आर्थिक पुनरुत्थानसम्बन्धी उपायहरू सहितका सुरक्षा व्यवस्थाहरू समावेश थिए । यद्यपि, यसका प्रावधानहरूको कार्यान्वयनमा भने अझै पनि अवरोधहरू देखिएका छन् ।

# एसियाली तेक्वान्दोमा नेपालका दुई खेलाडी पहिलो चरणबाटै बाहिरिए




काठमाण्डु । जापानमा जारी एसियाली खेलकुद प्रतियोगिता (एसियाड) २०२६ अन्तर्गत तेक्वान्दो खेलमा नेपालका दुई खेलाडी पहिलो चरणबाटै बाहिरिएका छन् ।

जापानको आइचीस्थित तोयाहासी जिम्यासिउममा आज भएको खेलमा नेपालकी स्वस्तिका तामाङ र युवराज राना पहिलो चरणबाटै बाहिरिएका हुन् । चौबीस वर्षीय स्वस्तिका तेक्वान्दोको एकल पुम्सेतर्फको खेलमा पहिलो चरणबाटै बाहिरिइन् । उनले मात्र ६.५७ अङ्क जोडिन् । उनको समूहमा कुल आठ खेलाडी सहभागी थिए । उनी अन्तिम स्थानमा रहिन् ।

त्यसैगरी आजै भएको पुरुष एकल पुम्सेतर्फकै खेलमा नेपालका अर्का प्रतिद्वन्द्वी युवराज राना पनि पुछारमै रहे । चौबीस वर्षीय युवराजले प्रतियोगितामा कमजोर प्रदर्शन गर्दै पहिलो चरणबाटै आउट भएका हुन् । यस विधामा कुल १५ खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

तीमध्ये उनको समूहमा आठ खेलाडी थिए । युवराज ७.०२ अङ्कका साथ आठौँ स्थानमा रहे । अब तेक्वान्दोको अन्तिम प्रतिस्पर्धामा अभिषेक बरालले पुरुष क्योरुगी ८० केजीमुनी तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् । रासस









# दूरसञ्चार सेवाको गुणस्तर अवस्थाबारे सञ्चारमन्त्री डा तिमिल्सिनाद्वारा प्राधिकरणसँग जानकारी माग

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले दूरसञ्चार सेवाको गुणस्तरको अवस्थाबारे नेपाल दूरसञ्चार प्राधिकरणसँग जानकारी माग गर्नुभएको छ ।

टेलिफोन र इन्टरनेट सेवाको गुणस्तर कमजोर भएको बारे उपभोक्ताको गुनासो नघटेको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपाल दूरसञ्चार प्राधिकरणका पदाधिकारीसँग सेवाको अवस्था, गुणस्तर परीक्षण, नियमन तथा सेवा विस्तारका विषयमा आज जानकारी लिनुभएको हो । सो अवसरमा टेलिफोन र इन्टरनेट सेवाको गुणस्तर अनुगमनसम्बन्धी नियमित प्रतिवेदन मन्त्रालयमा पेस गर्न सञ्चारमन्त्री डा तिमिल्सिनाले प्राधिकरण पदाधिकारीहरूलाई निर्देशन दिनुभएको छ ।

सञ्चारसचिव राजेन्द्रकुमार पौडेल, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष अर्जुन घिमिरेलगायत मन्त्रालय र प्राधिकरणका विभिन्न पदाधिकारी सम्मिलित छलफलका क्रमका सञ्चारमन्त्री डा तिमिल्सिनाले दूरसञ्चार सेवाको गुणस्तर खस्किँदै गएको उपभोक्ताको बुझाइ रहेको र काठमाण्डु उपत्यकाजस्तो क्षेत्रमा टेलिफोन तथा इन्टरनेट सेवा कमजोर हुनुलाई गम्भीर रुपमा लिनुपर्ने बताउनुभयो । नागरिकले अपेक्षा गरेअनुसार भरपर्दो, गुणस्तरीय र सहज दूरसञ्चार सेवा उपलब्ध गराउनेतर्फ नियामक निकाय र सेवा प्रदायक दुवै जिम्मेवार हुनुपर्ने उहाँको भनाइ थियो ।

"दूरसञ्चार सेवाको पहुँच र गुणस्तर कमजोर भयो भन्ने गुनासो अझै हट्न सकेका छैनन् । त्यसमा जसरी पनि सुधार गर्नै पर्नेछ । नागरिकका आकाङ्क्षा पूरा गर्नेगरी काम गर्नुको विकल्प छैन", उहाँले भन्नुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले दूरसञ्चार प्राधिकरणको नियामकीय क्षमता अभिवृद्धि गर्न मन्त्रालयबाट आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै सेवा गुणस्तरका विषयमा प्रभावकारी नियमन गर्नुपर्ने बताउनुभयो ।



गुणस्तरीय टेलिफोन तथा इन्टरनेट सेवा पाउने नागरिक अधिकारको प्रत्याभूति गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुहुँदै उहाँले न्यून गुणस्तरको सेवा दिने तथा तोकिएको मापदण्ड पूरा नगर्ने सेवा प्रदायकमाथि कानुनबमोजिम कडा कारबाही गर्न निर्देशन दिनुभयो ।

"टेलिफोन सेवाको गुणस्तर कस्तो छ भनेर प्राधिकरणबाट नियमित अनुगमन निरीक्षण भएको देखिएन । तपाईंहरुले आफ्नो नियामकीय दायित्व पूरा गरेर गुणस्तरका सवालमा निर्मम भएर कारबाही गर्नुहोस्", सञ्चारमन्त्री डा तिमिल्सिनाले भन्नुभयो ।

गुणस्तर परीक्षणका लागि आवश्यक संयन्त्र र उपकरणको पर्याप्त व्यवस्था गरी नियमित अनुगमन गर्न तथा त्यसको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउन उहाँले निर्देशन दिनुभयो । साथै नियामक निकायले समस्या आएपछि मात्र प्रतिक्रिया दिनेभन्दा पनि आफैँ सक्रिय भएर सेवाको अवस्था पहिचान गर्ने र सुधारका लागि तत्काल कदम चाल्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले 'फोरजी' सेवा विस्तार तथा 'फाइभजी' सेवा सुरु गर्ने विषयमा पनि प्राधिकरणले स्पष्ट कार्ययोजना बनाएर अघि बढ्नुपर्ने बताउनुभयो । फोरजी सेवाको पहुँच विस्तार, विद्यमान सेवाको गुणस्तर सुधार तथा फाइभजी प्रविधि कार्यान्वयनका लागि आवश्यक तयारी र नियामकीय प्रक्रियालाई स्पष्ट कार्ययोजनासहित अघि बढाउनुपर्ने उहाँले बताउनुभयो ।

बैठकमा नेपाल दूरसञ्चार प्राधिकरणका पदाधिकारीले दूरसञ्चार सेवाको गुणस्तर परीक्षण तथा अनुगमनका क्रममा देखिएका समस्या र चुनौतीबारे सञ्चारमन्त्री डा तिमिल्सिनालाई जानकारी गराउनुभएको थियो ।

प्राधिकरणका अनुसार गुणस्तर परीक्षणका लागि आवश्यक सवारीसाधन तथा 'ड्राइभ टेस्ट'का उपकरण पर्याप्त छैनन् । दूरसञ्चार सेवाको गुणस्तर परीक्षण गर्न आवश्यक क्षमता र उपकरण प्राधिकरणसँग पर्याप्त नभएको तथा यसअघि उपकरण खरिद प्रक्रियामा कानुनी विवाद झेल्नुपरेका कारण पनि गुणस्तर परीक्षण तथा अनुगमनमा समस्या रहेको जानकारी गराइएको थियो ।

प्राधिकरणले दूरसञ्चार सेवा गुणस्तरसम्बन्धी मापदण्ड जारी गरिसकेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन गर्न नसकेको स्वीकारेको छ । विद्यमान व्यवस्थाअनुसार सेवा प्रदायकले आफैँ ड्राइभ टेस्ट गरी प्रत्येक तीन महिनामा प्राधिकरणलाई गुणस्तरसम्बन्धी प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था रहेको प्राधिकरणले जानकारी गराएको थियो ।

सेवा गुणस्तर न्यून भएको पाइएमा सम्बन्धित सेवा प्रदायकलाई सचेत गराउने गरिएको पनि प्राधिकरणले जनाएको छ । सेवा गुणस्तर सुधारका लागि सेवा प्रदायकले पूर्वाधारमा थप लगानी गर्नुपर्ने भए पनि पर्याप्त लगानी हुन नसकेको प्राधिकरणको भनाइ थियो ।

त्यस्तै, प्राधिकरणका पदाधिकारीले दूरसञ्चार सेवामा आवश्यक 'फ्रिक्वेन्सी' पर्याप्त रूपमा उपलब्ध गराउन सकिएमा सेवा गुणस्तरमा सुधार ल्याउन सहयोग पुग्ने जानकारी गराउनुभएको थियो । सेवाको माग बढ्दै गए पनि पूर्वाधार र नेटवर्क क्षमतामा सोहीअनुसार लगानी हुन नसक्दा केही क्षेत्रमा गुणस्तरको समस्या देखिएको प्राधिकरणको भनाइ थियो ।

सो छलफलमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष अर्जुन घिमिरेले दूरसञ्चार सेवाको गुणस्तरका विषयमा प्राधिकरणले देशभर नियमित अनुगमन तथा निरीक्षण गरिरहेको जानकारी दिनुभयो । उहाँले कानुनले दिएको अधिकारअनुसार न्यूनतम गुणस्तर मापदण्ड पूरा नगर्ने सेवा प्रदायकमाथि आवश्यक कारबाही गरिने बताउनुभयो ।

"टेलिफोन सेवाको गुणस्तर कमजोर भएको सन्दर्भमा हामीले सेवा प्रदायकलाई यसअघि सचेत गराउँदै आएका छौँ । अब कानुनअनुसार कति कारबाही र जरिवाना गर्न सकिन्छ, हामी गर्छौं", अध्यक्ष घिमिरेले भन्नुभयो । उहाँले टेलिफोन तथा इन्टरनेट सेवाको गुणस्तरको नियमित अनुगमनलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता जनाउनुभयो । छलफलमा प्राधिकरणको स्तरीकरण महाशाखाका निर्देशक मीनप्रसाद अर्याल, सेवा गुणस्तर स्तरीकरण शाखाका सहायक निर्देशक सुगन शाक्य, विवेकनाथ महासेठलगायत सहभागी हुनुहुन्थ्यो । रासस

## निजी क्षेत्रलाई विद्युत् प्रसारण लाइन प्रयोग गर्ने बाटो खुल्यो

काठमाण्डु । निजी क्षेत्रलाई राष्ट्रिय प्रसारण लाइन प्रयोग गर्न दिने बाटो खुलेको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले विद्युत् व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउने उद्देश्यका साथ प्रसारण लाइन प्रयोगको बाटो खोलेको हो ।

मन्त्रालय मातहतको विद्युत् नियमन आयोगले बिहीबार ऊर्जामन्त्री विराजभक्त श्रेष्ठको उपस्थितिमा निजी क्षेत्रलाई राष्ट्रिय विद्युत् प्रसारण तथा वितरण प्रणाली (विद्युत् ग्रिड) को प्रयोग गर्न दिएवापत लिइने दस्तुर (ह्वीलिङ चार्ज) मापदण्ड सार्वजनिक गरेको छ ।

आयोगका अध्यक्ष डा रामप्रसाद धितालकाअनुसार राष्ट्रिय विद्युत् प्रसारण ग्रीड (नेशनल ट्रान्समिसन ग्रीड) को प्रसारण शुल्क गणनासम्बन्धी मापदण्ड बमोजिम शुल्क निर्धारण गरिएको छ ।

मापदण्डअनुसार आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल विद्युत प्राधिकरण अन्तर्गतको राष्ट्रिय विद्युत् प्रसारण ग्रिड (नेशनल ट्रान्समिसन ग्रिड) मा रहेको प्रसारण प्रणाली उपयोग गर्दा मध्यकालीन र दीर्घकालीन खुला पहुँचका लागि प्रति मेगावाट रु ४.१३ लाख प्रतिमहिना र अल्पकालीन खुला पहुँचका लागि प्रतिकिलोवाट घण्टा ५७ पैसा प्रसारण शुल्क निर्धारण गरिएको अध्यक्ष धितालले बताउनुभयो ।

अध्यक्ष धितालले आयोगले खुला बजार नीतिअन्तर्गत तेस्रो पक्ष वा निजी क्षेत्रलाई समेत विद्युत् प्रसारण प्रणाली प्रयोग गर्न दिनका लागि यो शुल्क निर्धारण गरेको बताउनुभयो । रासस

## पल्सर आरपीएम, युवाका लागि रोमाञ्चक अनुभवको तयारी




टुडे समाचारदाता

काठमाण्डु । युवापुस्ताको रुचि, उर्जा, सिर्जनशीलता र सडक संस्कृतिलाई एउटै मञ्चमा जोड्दै पल्सर आरपीएम बुटवलमा आयोजना हुने भएको छ । काठमाण्डुमा सुरुवात भएको पल्सर आरपीएम अब बुटवलमा आयोजना हुन लागेको छ ।

पल्सर आरपीएम बुटवल असोज १७ गते (३ अक्टोबर २०२६) बुटवलस्थित ढुंगा स्केट-एड स्केट पार्कमा आयोजना हुनेछ । कार्यक्रम दिउँसो २:३० बजेदेखि सुरु हुनेछ । कार्यक्रममा सहभागी हुन कुनै शुल्क लाग्ने छैन ।

पल्सर आरपीएम बुटवलमा मोटरसाइकल स्टन्ट, बीएमएक्स, स्केटबोर्डिङ, ब्रेकिङ, ऱ्याप, डिजे प्रस्तुति, ग्राफिटी लगायत सडक संस्कृतिसँग सम्बन्धित विभिन्न गतिविधि र प्रस्तुति रहनेछन् । यसले बुटवलका युवालाई आफ्नो प्रतिभा, सीप, रुचि र सिर्जनशीलता प्रस्तुत गर्ने तथा विभिन्न विधाका कलाकार र प्रतिभासँग जोडिने अवसर प्रदान गर्नेछ ।

काठमाडौंमा सुरुवात भएको पल्सर आरपीएम राजधानीबाहिर विस्तार हुँदै क्षेत्रीय युवा समुदायसँग प्रत्यक्ष रूपमा जोडिने क्रममा रहेको छ । बुटवलमा आयोजना हुने कार्यक्रमले बुटवलको आफ्नै ऊर्जा, स्थानीय युवा समुदाय र यहाँको सडक संस्कृतिलाई केन्द्रमा राख्दै स्थानीय परिवेशसँग जोडिएको विशेष अनुभव प्रस्तुत गर्नेछ ।

मोटरसाइकल, साहसिक खेल, संगीत र सडक संस्कृतिलाई एउटै मञ्चमा ल्याउँदै पल्सर आरपीएमले प्रदर्शन, आत्मविश्वास, सीप र आत्मअभिव्यक्तिलाई प्रोत्साहन गर्ने उद्देश्य राखेको छ । यसले पल्सरलाई युवाको रुचि, जीवनशैली र संस्कृतिसँग थप नजिकबाट जोड्ने अपेक्षा गरिएको छ ।

बुटवलमा आयोजना हुने पल्सर आरपीएममा सहभागी हुन सबै युवालाई आमन्त्रण गरिएको छ ।

## बिर्तामोडमा असोज १६ देखि 'किताब मेला'

भद्रपुर । पठन संस्कृतिको विकास तथा पुस्तक पढ्ने बानीलाई प्रोत्साहन गर्ने उद्देश्यले झापाको बिर्तामोडमा चौथो संस्करणको 'किताब मेला २०८३' आयोजना हुने भएको छ ।

इशा बुक सेन्टर बिर्तामोड, झापाली साहित्य समाज र साहित्य पत्रकार मञ्च बिर्तामोडको संयुक्त आयोजनामा असोज १६ देखि ३० गतेसम्म किताब मेला सञ्चालन हुन लागेको हो ।

पछिल्लो समय पुस्तक पढ्नेको संख्या घट्दै गएको अवस्थामा पठन संस्कृतिको विकासका लागि मेलाको आयोजना गरिएको किताब मेला संयोजक केशवप्रसाद मैनालीले बताउनुभयो । "पुस्तक पढ्ने संस्कृतिको विकास र पाठकलाई विभिन्न विधाका पुस्तकसँग जोड्ने उद्देश्यले मेला आयोजना गरेका हौँ", उहाँले भन्नुभयो ।

मेलामा पाँच हजारभन्दा बढी पुस्तक राखिने जनाइएको छ । विभिन्न विधा तथा उमेर समूह अनुसारका पुस्तकमा १० देखि ३० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको संयोजक मैनालीले जानकारी दिनुभयो । मेलामा लेखकसँग संवाद, कविता तथा गजल वाचन, लक्की ड्रलगायतका कार्यक्रम पनि सञ्चालन हुने आयोजकले जनाएको छ । रासस

## बाख्रापालनबाट आम्दानी गर्दै पत्रकार लोकेश



धनगढी । मुलुकमा राजनीतिक परिवर्तन र लोकतन्त्र स्थापनाका लागि पत्रकारिता क्षेत्रमा लामो समयसम्म क्रियाशील रहनुभएका लोकेश बोहरा पछिल्लो दशक व्यावसायिक बाख्रापालनमा रमाउनुभएको छ ।

पत्रकारितापछि कृषि तथा पशुपालन क्षेत्रमा केही नयाँ काम गर्ने उद्देश्यले धनगढी उपमहानगरपालिका-७ बेलिका बोहराले व्यावसायिक रुपमा बाख्रापालन सुरु गरेको हो ।

"धनगढीलाई कार्यक्षेत्र बनाई मुलुक र जनताको हितका लागि लोकतन्त्रका पक्षमा रही पत्रकारिता गरैं, त्यस क्रममा किसान तथा उद्यमीलाई नजिकबाट बुझ्ने अवसर प्राप्त गरैं", उहाँले भन्नुभयो, "त्यसबाट आफूले पनि कुनै उत्पादनमूलक काम गर्नुपर्छ भन्ने सोच बनाएर बाख्रापालन सुरु गरेको हुँ ।"

सञ्चारकर्मी बोहराले अहिले सुदूरपश्चिम खसी, बोका, बाख्रा सङ्कलन केन्द्र तथा खरिद बिक्री फार्ममार्फत बाख्रापालनसँगै खसी, बोका खरिद बिक्रीको कारोबारसमेत समाल्दै आउनुभएको छ ।

सुदूरपश्चिमका नौवटै जिल्ला, कर्णालीका केही जिल्ला र काठमाडौँसम्म बोहराले खसीबोकाको व्यवसायलाई विस्तार गर्नुभएको छ । रु पाँच लाखबाट व्यवसाय सुरु गर्नुभएका बोहराको बाख्रापालन व्यवसायमा हाल रु ४० लाखजति लगानी पुगेको छ ।

उहाँले वार्षिक रु एकदेखि डेढ करोडसम्म कारोबार गर्दै आउनुभएको छ । उहाँले रोजगारीसमेत दिनुभएको छ । उहाँका छोराछोरीको शिक्षादेखि परिवारको सम्पूर्ण खर्च पनि सोही व्यवसायले धान्दै आएको छ ।

उहाँले भन्नुभयो, "यो व्यवसायले घर निर्माण, गाडी खरिद र विभिन्न ठाउँमा घडेरी जोडेको छु ।" "कृषि र पशुपालनमा चुनौती छन्", उहाँले भन्नुभयो, "तर व्यवस्थित तरिकाले काम गर्नसके आम्दानीको राम्रो स्रोत बन्न सक्छ ।"

बोहराको बाख्रा खोरमा हाल ६० वटा विभिन्न जातका बाख्रा छन । भारतको राजस्थानबाट १६ वटा उन्नत जातका जमुनापारी, बोयर, खरी, तोतापारी बाख्रासमेत छन् । उन्नत जातका बाख्रापालन गर्दा पाठापाठी तथा खसीबोको बजारमा माग हुनाले ती जातलाई समेटेर व्यवसायलाई विस्तार गरेको उहाँको भनाइ छ । खसीबाख्रा जातका आधारमा उहाँले जिउँदो रु ४५० देखि ६०० प्रतिकिलोका दरका बिक्री गर्दै आउनुभएको छ ।

वार्षिक रुपमा २० हजारजति खसीबोका खरिद बिक्री गर्दै आउनुभएको छ । उहाँले त्यस क्रममा खोर व्यवस्थापन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कैलालीबाट रु आठ लाख अनुदानसमेत पाउनुभएको छ ।

**भारत निर्यात बढ्दा खसीबोका उत्पादनमा ह्रास आउने चिन्ता**

पछिल्लो समय नेपालबाट खसीबोका भारततर्फ निर्यात हुन थालेपछि स्वदेशमै खसीबोका उपलब्धता घट्नसक्ने र उत्पादनमा कमी आउने हो कि भन्ने किसानलाई चिन्ता बढेको छ ।

छिमेकी मुलुकमा निर्यातका कारण तत्काल किसानले राम्रो मूल्य पाउने अवस्था देखिए पनि लामो लामो समयसम्म स्वदेशी बजारमा खसीबोका आपूर्ति व्यवस्थापनमा चुनौती आउनसक्ने उहाँले बताउनुभयो ।रासस


**श्री धर्म संस्था**

**(रामस्वरुप साह, रामसागर साह)**

**मिल्स एरिया, जनकपुर उपमहानगरपालिका-१, मधेस प्रदेश, नेपाल**

**खाली छत वहालमा लगाउने बारे सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/१६ गते शुक्रबार**

जिल्ला धनुषा जनकपुरधाम उप-महानगरपालिका वार्ड नं. १, मिल्स एरियामा अवस्थित श्री धर्म संस्था राम स्वरूप साह राम सागर साहको नयाँ भवनमा मार्केट कम्पलेक्सको दोस्रो तल्लामाथि खाली छत ६००० बर्ग फिट अनुमानित रहेको क्षेत्रफल बहालमा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति र संघसंस्थाहरुले यस संस्थाले निर्धारण गरेको तपसिल अनुसारको न्युनतम मासिक खाली छत दर रेट भन्दा बढी कबोल गरि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्रमा सिलबन्दी टेण्डर फाराम पेश गर्ने हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नोट** :-

१. संस्थाले दोस्रो तल्लामाथिको खाली छत प्रति बर्ग फिट दर रु.१३ न्युनतम मासिक वहाल कर बाहेक निधारण गरेको छ।
२. टेण्डरदाताले सिलबन्दी टेण्डर फाराम कार्यालय समयभित्र संस्था बाट फिर्ता नहुने गरि रु.१५०.०० (एक सय पचास) मात्रमा खरिद गर्न सकिने छ ।
३. सिलबन्दी टेण्डर फाराम फर्मको नाउँमा मात्र भर्ने पाउने छ ।
४. (क) टेण्डर फाराम साथ आफुले कबोल गरेको मासिक भाडाको आधारमा दुई महिना बराबरको बहाल धरौटीको रुपमा संस्थाको एभरेष्ठ बैंक लि. को खाता नं. ०१३००१०५२००६२९ SHRI DHARMA SANSTHA, MILLS AREA–1 मा जम्मा गरि बैंक भौचर टेण्डर फाराम साथ पेश गर्नु पर्ने छ ।
(ख) टेण्डरदाताको टेण्डर स्वीकृत भएको खातामा छत बहालको सम्झौता गर्ने बेलामा पुनः दुई महिनाको वहाल रकम संस्थामा बुझाउनु पर्ने छ, यसरी ४ महिनाको वहाल रकम धरौटीको रुपमा संस्थामा जम्मा रहने छ । तर टेण्डर स्वीकृत नभएको खण्डमा प्रकरण अनुसार जम्मा गरिएको धरौटी रकम संस्थाले चेक मार्फत टेण्डरदातालाई संस्थाको नियमानुसार फिर्ता गर्ने छ ।
५. सूचना समय भित्र आएको सिलबन्दी टेण्डर फाराम मात्र मान्य हुने छ ।
६. सिलबन्दी टेण्डर फाराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहने छ ।

**तारा चन्द्र प्रसाद साह**
(सभापति)



**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रनिगाहपुर, रौतहटका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०६/१६ गते शुक्रबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/१०/०४ गते आइतवारको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितो लिलाम विक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम विक्री हुन नसकेकोले मिति २०८३/०३/०९ गते मंगलबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७(सात)दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०६/२३ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, चन्द्रनिगाहपुर, रौतहटमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| **क. ऋणी तथा जमानतकर्ताको विवरण :** | |
|---|---|
| **ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौँमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०८१/०२/२१ मा दर्ता.नं. ३३७९१७/८०/०८१ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय सिमरा तथा करदाता सेवा कार्यालय चन्द्रपुरबाट मिति २०८१/०३/०६ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६२११५३८२४ को प्रमाणपत्र प्राप्त **सेबन्तिका कृषि फर्म प्रा.लि. ।** **ठेगाना:** रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा न. ४ । | |
| **संस्थापक तथा जमानतकर्ता : चुडामणि आचार्य** (ना.प्र.नं. ६४३०७ जारी मिति २०५३/०२/०८, जि.प्र.का. रौतहट ।<br>ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं ४ (साविक चन्द्रपुर न.पा. वडा नं १) ।<br>बाबु : लिलाधर आचार्य ।<br>बाजे : टिका बल्लभ आचार्य । | **जमानतकर्ता : लिलाधर आचार्य** (ना.प्र.नं. ३२२०८०-३१७ जारी मिति २०७०/०४/२४, प्रतिलिपि जारी मिति २०७९/०७/०३, जि.प्र.का. रौतहट) ।<br>ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं ४ (साविक चन्द्रनिगाहपुर गा.बि.स वडा नं १) ।<br>बाबु : टिका बल्लभ आचार्य ।<br>बाजे : लक्ष्मी कान्त आचार्य । |
| **जमानतकर्ता : सेवन्तीका आचार्य** (ना.प्र.नं. ३२-०२-७९-०२०२२, जारी मिति २०७९/०४/२६ जि.प्र.का. रौतहट) ।<br>ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा वडा नं ४ ।<br>बाबु : चुडामणि आचार्य ।<br>बाजे : लिलाधर आचार्य । | **जमानतकर्ता : अप्सरा आचार्य** (ना.प्र.नं. २७८८, जाारी मिति २०६३/०३/०६ जि.प्र.का. रौतहट)<br>ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं ४, (साविक चन्द्रपुर गा.बि.स वडा नं १) ।<br>बाबु : चन्द्रमणि तिमल्सिना ।<br>पति : चुडामणि आचार्य । ससुरा : लिलाधर आचार्य । |
| **जमानतकर्ता : जानुका आचार्य** (ना.प्र.नं. २५११ मिति २०४६/०३/०९ जि.प्र.का. रौतहट)<br>ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं ०४ (साविक चन्द्रपुर गा.बि.स वडा नं १ रौतहट) ।<br>बाबु : दुर्गा प्रसाद तिमलसिना ।<br>पति : लिलाधर आचार्य ।<br>ससुरा : टिका बल्लभ आचार्य । | **धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण**<br>१. **लिलाधर आचार्य**को नाममा मालपोत कार्यालय रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स वडा नं. १, नक्सा सिट नं. १, स्थित कित्ता नं ८८५१ क्षेत्रफल ०(०(९-४ (बिघा)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....................१<br>२. ऋणी **सेबन्तिका कृषि फर्म प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..........१ |

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय चन्द्रनिगाहपुरबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकार कर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय चन्द्रनिगाहपुरमा** सम्पर्क राख्न सकिनेछ ।

**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# रास्वपा क्षेत्रीय सभापतिको दादागिरी

टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) धनुषा क्षेत्र नम्बर ४ का सभापति उमेशकुमार साहले



जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १३ स्थित गढी टोल हुँदै दुधमति नदी जाने बाटो अतिक्रणमुक्त गराउन गएका जनकपुरधामका मेयर मनोजकुमार साह, वडाअध्यक्ष, ओभरसियर, अमीन, कर्मचारी, स्थानीयवासीलगायतको उपस्थितिमा अतिक्रमित सडक मुक्त गराउन गएका थिए । तर सो सडक अतिक्रमणमुक्तको विरोधमा क्षेत्रीय सभापति साहले ओभरसियर, अमीनलगायतको नापीनक्सा गर्ने सामग्रीहरु समेत खोसेर दुर्व्यवहार गर्न थालेपछि पालिकाका जनप्रतिनिधिदेखि कर्मचारीहरुसमेत भागाभाग भएका थिए ।

सो सडकमा ०७८ तर्फमा ग्रैभल भर्ने कार्य गरी सडक सुचारु भएको थियो । त्यतिबेला सो सडक २१ फिट रहेको थियो । तर सो बाटो क्षेत्रीय सभापति साहले केही वर्ष अघि मात्रै घेरबार गरेको थियो । उनले सडक अतिक्रमण गर्दा केही नभएको देखेपछि उनको छिमेकीले पनि सो सडक अतिक्रमण गरेका छन् । केही वर्षदेखि स्थानीयवासीहरुले सो सडक खोजी गर्दै अतिक्रणमुक्त गराइदिनका लागि अदालतदेखि पालिकासम्ममा गुहार लगाउँदै आएको छ ।

रास्वपा क्षेत्रीय सभापति साहले दादागिरी गरी सडक अतिक्रमण गर्दासमेत जनकपुरधामउपमहानगरपालिकाका जनप्रतिनिधिहरुसमेत मौन रही केही गर्न नसक्नु दुःखद र शंकास्पद बताउन थालेका छन् ।

सार्वजनिक सडक अतिक्रमण गरी मनोमानी गरेका छन् ।

स्थानीयवासीले जनकपुरधामउपमहानगरपालिकाको कार्यालयदेखि अदालतसम्ममा सडक अतिक्रमणमुक्त गराइदिन भन्दै गुहार लगाए पनि रास्वपा धनुषा- ४ का क्षेत्रीय सभापति साहको अगाडि केही पनि चलेन ।

# ९ वर्षमा पनि बनाउन सकेन जनकपुरधाम डम्पिङ साइट, अब भाडामा जग्गा खोज्दै

टुडे समाचारदाता

जनकपुरधाम । फोहोर व्यवस्थापनका लागि मधेस प्रदेशको राजधानी समेत रहेका जनकपुरधाम उपमहानगरपालिकाले स्थानीय तह गठन भएको ९ वर्षमा पनि डम्पिङ्ग साइट बनाउन सकेन, अब भाडामा जग्गा खोज्दैछन ।

सामान्य रुपमा यताउता फोहोर फालेर काम चलाउंदै आएका उपमहानगरले अब दिर्घकालिन व्यवस्थापनका लागि भाडामा जग्गा खोज्न शुरु गरेको छ । यसका लागि पछिल्लो पटक सूचना समेत प्रकाशन गरेको छ ।

डम्पिङ्ग साइट आभावमा नगरबाट निस्किएका फोहोर कयौं दिनसम्म सडक, चोक र बजार क्षेत्रमा व्यवस्थापन नभई दुर्गन्धित बनेको हुन्छ । जनकपुरधाम उपमहानगरपालिकाले नगरको फोहोर व्यवस्थापनका लागि विभिन्न स्थानमा स–साना निजी जग्गा भाडामा लिएर काम चलाउँदै आएको छ । तर, अस्थायी रूपमा प्रयोग गरिएका ती स्थान छोटो समयमै भरिँदा केही दिनमै अर्को नयाँ ठाउँ खोज्नुपर्ने बाध्यता दोहोरिँदै आएको छ ।

२०७९ सालको स्थानीय तह निर्वाचनअघि वर्तमान मेयर मनोजकुमार साहले फोहोर व्यवस्थापन र स्थायी डम्पिङ साइटलाई प्रमुख चुनावी मुद्दा नै राखेका थिए । सोही मुद्दामा उनले मत पनि राम्रै हासिल चुनाव पनि जित । तर उनी निर्वाचित भएको ४ वर्षमा पनि फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल (डम्पिङ्ग) साइत निर्माण गर्न सकेनन् । अब जाँदाजाँदै डम्पिङ्ग साइटका लागि जग्गा भाडामा खोज्न थालेका छन् ।

मेयर साहले पदभार ग्रहण गरेका दिन समेत फोहोर व्यवस्थापन सम्बन्धी निर्णय नै गरेका थिए । त्यसपछि वडास्तरबाट फोहोर उठाउने व्यवस्था नियमित हुँदै गए पनि



संकलित फोहोर कहाँ र कसरी दीर्घकालीन रूपमा व्यवस्थापन गर्न सकेनन् ।

वर्षौंदेखि उस्तै समस्या

यसअघि २०७४ सालको स्थानीय तह निर्वाचनपछिमेयर बनेका लालकिशोर साहको कार्यकालमा पनि फोहोर व्यवस्थापनलाई नगरको प्रमुख समस्याका रूपमा उठाइएको थियो । त्यसअघि नै एसियाली विकास बैंकको सहयोगमा सञ्चालित एकीकृत सहरी विकास आयोजनाअन्तर्गत डम्पिङ साइट निर्माणका लागि बजेट छुट्याइएको थियो ।

नगराईनस्थित मनियारी चौरीको जग्गका लागि गुठी संस्थानलाई लाखौ रुपैया पेश्की पनि दिइएको थियो । तर राजनीतिक विवादे सो सफल नहुँदा ती रकम सखापसँगै एडीबीले छुटयाएको करिब ३५ करोड रुपैयाँ बराबरको बजेट समेत फ्रिज हुन गयो । अहिले पनि समस्या जग्गामै आएर अड्किएको कारणले अन्य दातृ निकायले पनि चाहेर पनि लगानी गर्न नचाहेको उपमहानगरपालिकाको भनाइ छ ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरि घिमिरेका अनुसार नगरभित्र डम्पिङ साइटका लागि आवश्यक जग्गा प्राप्त गर्न पटक-पटक प्रयास भए पनि सफल हुन सकेको छैन । उनका अनुसार जनकपुरधाम क्षेत्रमा ठूलो हिस्सा गुठीको जग्गा रहेकाले केन्द्रीय गुठी संस्थानसँग जग्गा उपलब्ध गराउन आग्रह गरिएको थियो । तर, जग्गा प्राप्त हुन नसकेपछि स्थायी डम्पिङ साइट निर्माणको योजना अघि बढ्न सकेन ।

घिमिरेका अनुसार व्यवस्थित डम्पिङ साइट निर्माणका लागि कम्तीमा १० बिघा जमिन आवश्यक हुन्छ । फोहोर विसर्जन मात्र नभई त्यसको प्रशोधनसमेत गर्नुपर्ने भएकाले पर्याप्त क्षेत्रफलको जग्गा खोज्नुपर्ने अवस्था रहेको उनको भनाइ छ ।

उपमहानगरपालिकाको सरसफाइ शाखाका अनुसार जनकपुरधामका विभिन्न वडाबाट दैनिक ठूलो परिमाणमा फोहोर संकलन हुन्छ । टिपर तथा ट्र्याक्टरमार्फत दैनिक करिब ४० देखि ५० टिप फोहोर उठाइने गरिएको छ । तर संकलन गरिएको फोहोरका लागि स्थायी व्यवस्थापन स्थल नहुँदा सरसफाइ कर्मचारीलाई नै समस्या हुने गरेको शाखा प्रमुख श्याम ठाकुर बताउँछन् ।

उनका अनुसार पहिले मंगलोहिया पुल आसपास फोहोर विसर्जन गरिन्थ्यो। पछि सिक्स लेन सडकको दक्षिणतर्फको क्षेत्रमा फोहोर फाल्न थालियो। ती स्थानसमेत भरिएपछि अब नयाँ ठाउँ खोज्नुपर्ने अवस्था आएको छ ।

स्थायी डम्पिङ साइट निर्माण गर्न नसकेपछि उपमहानगरपालिकाले पुनः निजी जग्गा भाडामा लिने प्रक्रिया अघि बढाएको छ ।

पहिलो पटक आह्वान गरिएको सूचनामा इच्छुक जग्गाधनीबाट आवेदन नपरेपछि दोस्रोपटक सूचना प्रकाशित गरिएको हो । नगर क्षेत्रमा फोहोर व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गा भाडामा लिन उपमहानगरपालिकाले प्रस्ताव मागेको छ ।

उपमहानगरपालिकाले नगरको नियमित सरसफाइमा बजेट खर्च गर्दै आएको छ । लेखा अधिकृत खगेन्द्र राईका अनुसार गत आर्थिक वर्षमा नगर सरसफाइका लागि करिब ९० लाख रुपैयाँ खर्च भएको थियो ।

दसैं, दीपावली, छठ र विवाहपञ्चमीजस्ता ठूला पर्वका समयमा फोहोरको मात्रा बढ्ने भएकाले त्यसको व्यवस्थापनका लागि वडाहरूलाई थप बजेट उपलब्ध गराउने गरिएको छ । नियमित रूपमा एक सयभन्दा बढी सफाइकर्मी सरसफाइ कार्यमा परिचालित हुने गरेका छन् । तर बजेट खर्च भइरहे पनि फोहोरको अन्तिम व्यवस्थापनका लागि स्थायी संरचना नहुँदा खर्चको प्रभावकारिता र दीर्घकालीन समाधानमाथि प्रश्न उठ्दै आएको छ ।

# कांग्रेस देउवा समूहको वडा अधिवेशन : ३ हजार १९१ वडामा मतदान सम्पन्न

टुडे समाचारदाता



काठमाण्डु । नेपाली कांग्रेस इतर समूहले गरेको वडा अधिवेशन एकै दिनमा ३ हजारभन्दा बढी वडामा सम्पन्न गरेको छ ।

निवर्तमान सभापति शेरबहादुर देउबा समूहको १५ औं केन्द्रीय महाधिवेशनको प्रक्रिया अघि बढिरहँदा देशभरका ३ हजार १९१ वडामा अधिवेशन सम्पन्न भएको छ । आगामी मंसिर २१ देखि २३ गतेसम्म हुने केन्द्रीय महाधिवेशनका लागि आजबाट वडा अधिवेशन शुरु गरिएको छ ।

केन्द्रीय निर्वाचन समितिका संयोजक एगराज पोखरेलद्वारा जारी विज्ञप्ति गरिएको अनुसार, हालसम्म देशभरका कुल ६ हजार ७४३ वडामध्ये ३ हजार १९१ वडामा अधिवेशन सकिएको छ। प्रदेशगत विवरण अनुसार कोशी प्रदेशमा ५७७, मधेश प्रदेशमा ४०२, बागमती प्रदेशमा ५६३, गण्डकी प्रदेशमा ३८६, लुम्बिनी प्रदेशमा ५५०, कर्णाली प्रदेशमा २५७ र सुदूरपश्चिम प्रदेशमा ४५६ वडामा अधिवेशन सम्पन्न भएको छ ।

बाँकी रहेका वडाहरूमा यही असोज १८ गतेसम्म अधिवेशन सम्पन्न गर्ने तालिका रहेको समितिले जनाएको छ । सो समितिले रसुवा र बागलुङका केही वडामा अधिवेशन स्थगित भएको जानकारी दिएको छ । रसुवामा बाढी-पहिरोका कारण र बागलुङमा पार्टीका नेता मणिभद्र शर्मा कँडेलको श्रीमतीको निधनका कारण बिहीबार हुन नसकेको अधिवेशन शुक्रबार असोज १६ गतेका लागि तय गरिएको जनाइएको छ ।

# करेन्ट लागेर एकको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा करेन्ट लाग्दा एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा क्षिरेश्वरनाथ नगरपालिका-९ औराहा टोलका ३२ वर्षीय श्रवण साह रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

घटना बिहीबार बिहान पौने १० बजेतिर विद्युत् मर्मतका क्रममा करेन्ट लागेर उनको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी ओमप्रकाश खनालका अनुसार छिमेकीको घरमा विद्युत् बिग्रिएपछि मर्मत गरिदिन आग्रह गरिएपछि साह बिजुलीको पोलमा चढेका थिए । विद्युत् मर्मत गर्ने क्रममा अचानक करेन्ट लाग्दा उनको घटनास्थलमै मृत्यु भएको हो ।

घटनापछि प्रहरीले आवश्यक कानुनी प्रक्रिया पूरा गरी साहको शव पोस्टमार्टमका लागि बिहीबार दिउँसो प्रादेशिक अस्पताल जनकपुरधाम पठाएको डीएसपी खनालले जानकारी दिएका छन् ।

# माग सम्बोधन नभए क्याम्पस प्रमुखलाई कालोमोसो दल्ने चेतावनी

टुडे समाचारदाता

जनकपुरधाम।जनकपुरधामस्थित रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले क्याम्पस प्रशासनले अतिथि सत्कार, खाना तथा नास्तालगायतका शीर्षकमा ठूलो रकम अनियमितता गरेको भन्दै खर्च हिसाब सार्वजनिक गर्न माग गरेका छन् ।

खर्च हिसाब सार्वजनिक गर्न माग गर्दै ती विद्यार्थीहरु गत एक सातादेखिआन्दोलनसमेतगर्दैआएका छन् । आन्दोलनरत विद्यार्थीहरूले बिहीबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै क्याम्पसको आर्थिक कारोबार पारदर्शी बनाउनुपर्ने माग गरेका हुन् ।

उनीहरूले क्याम्पस प्रशासनले विभिन्न शीर्षकमा गरेको खर्च हिसाब सार्वजनिक सहितका आफूहरुको माग ४८ घण्टाभित्र सार्वजनिक नगरे आन्दोलन चरणबद्ध रुपमा थप सशक्त बनाउँदै क्याम्पस प्रमुखलाई कालोमोसोसम्म दल्ने चेतावनी दिएका छ्न ।

राराब क्याम्पस स्ववियुका पूर्वसभापति मनिष यादवले गत



आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षणसम्बन्धी टीडीएस विवरणमा निर्मला श्रेष्ठको नाममा ४० लाख ८५ हजार ६ सय ६५ रुपैयाँ र शारदा देवी लामिछानेको नाममा भुक्तानी भएको ८ हजार ६ सय रुपैयाँ बारे प्रयोजन स्पष्ट पार्न माग गरे ।

यसका साथै विभिन्न होटलमा अतिथि सत्कारको नाममा १० लाख रुपैयाभन्दा बढी र किराना तथा कस्टेमिक पसललाई ५ लाखभन्दा बढी रकम भुक्तानी गरिएको बारे प्रश्न समेत उनीहरुले उठाए ।

विद्यार्थी रञ्जित मण्डलले क्याम्पस प्रशासन, कर्मचारी तथा ठेकेदारहरू विद्यार्थीको शैक्षिक हितभन्दा व्यक्तिगत स्वार्थमा केन्द्रित भएको आरोप लगाए । कर्मचारी र ठेकेदारको मिलेमतोमा कमिसनको खेल भइरहेको आरोप लगाउँदै टेण्डर लागेका योजनालाई बिचमै तोडी कमीशनका लागि सोही कार्यका गर्न २७ वटा कोटेशन मार्फत काम गराएको आरोप पनि लगाए ।

विद्यार्थीहरूले क्याम्पसको सम्पूर्ण आय-व्यय सार्वजनिक गरी आर्थिक कारोबार पारदर्शी बनाउनुपर्ने, स्मार्ट कक्षाकोठा तथा स्मार्ट पुस्तकालय निर्माण गर्नुपर्ने र नियमित रूपमा कक्षा सञ्चालन गर्नुपर्नेलगायतका माग अघि सारेका हुन् ।

# चाँडपर्व अघि नै सडक र सार्वजनिक पूर्वाधार सुधार गर्न माग





टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको नगराइन नगरपालिकामा सरसफाइ, सडक व्यवस्थापन तथा सार्वजनिक पूर्वाधार नेपालीहरूको महान् पर्व दशैं, दीपावली तथा छठ अघि नै सुधार गर्न माग गरिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी नगराइन नगरपालिका-७ का सभापति रामचन्द्र शर्माले नगरप्रमुख विनय यादव र वडा नं. ७ का वडाध्यक्ष सूर्यनारायण साहलाई ज्ञापनपत्र बुझाउँदै चाडपर्वअघि नगर क्षेत्रको सरसफाइ तथा सडक व्यवस्थापनमा विशेष ध्यान दिन माग गरेका हुन् ।

ज्ञापनपत्रमार्फत नगर क्षेत्रका सडक तथा बाटोघाटोमा रहेका अतिक्रमण र अवरोध हटाउन, आवश्यक स्थानमा डोजर प्रयोग गरी सडक तथा सार्वजनिक स्थलको सरसफाइ गर्न र सडकका पोलमा आवश्यक बत्ती जडान गर्न माग गरिएको छ ।

त्यस्तै, मुख्य सडक, चोक तथा बजार क्षेत्रमा पर्याप्त डस्टबिनको व्यवस्था गर्न र चाडपर्वका बेला नगर क्षेत्रलाई स्वच्छ, सुरक्षित तथा व्यवस्थित बनाउन स्थानीय तहको ध्यानाकर्षण गराइएको छ । ज्ञापनपत्र बुझाउँदै शर्माले दशैं, दीपावली र छठजस्ता पर्वलाई व्यवस्थित रूपमा मनाउन नागरिकलाई सहज आवतजावतको वातावरण आवश्यक रहेको बताए ।

चाडपर्व उत्सव मनाउने अवसर मात्र नभई स्वच्छ, सुरक्षित र व्यवस्थित समाज निर्माण गर्ने अवसरसमेत भएकाले स्थानीय तहले सरसफाइ, सडक व्यवस्थापन र सार्वजनिक पूर्वाधारमा प्राथमिकता दिनुपर्ने उनको भनाइ छ ।

नगरवासीका समस्या र आवश्यकतालाई सम्बन्धित निकायसमक्ष निरन्तर पुऱ्याउँदै समाधानका लागि आवाज उठाउने अभियान जारी राख्ने शर्माले बताए ।

# पालिकाबाटै सवारी लाइसेन्स वितरण प्रक्रिया शुरु

टुडे समाचारदाता

जलेश्वर । सवारी चालक अनुमति पत्र (लाइसेन्स) का लागि अब यातायात व्यवस्था कार्यालय धाउनुपर्ने बाध्यता अन्त्य गर्न पालिकामार्फत नै सेवाग्राहीलाई लाइसेन्स वितरण गर्न थालिएको छ ।

यातायात व्यवस्था कार्यालय बर्दिबास महोत्तरीले सर्लाही, महोत्तरी र धनुषाका सेवाग्राहीको छापिएर आएको लाइसेन्स सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरी सेवाग्राहीसम्म पुर्याउने अभियान सुरु गरेको हो । यसबाट लाइसेन्स लिन कार्यालयसम्म पुग्नुपर्ने झन्झट र समय खर्च हुने समस्या कम भएको सेवाग्राहीको भनाइ छ ।

हाल सर्लाहीका लालबन्दी, हरिवन, बरहथवा, ईश्वरपुर, चन्द्रनगर र बागमती गरी छवटा पालिकाका सेवाग्राहीको लाइसेन्स सम्बन्धित पालिकामै पुर्याइएको छ । लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पितानाथ लुईलेटका अनुसार यातायात व्यवस्था कार्यालयबाट प्राप्त लाइसेन्स सेवाग्राहीलाई फोन गरेर पालिकामै बोलाई वितरण भइरहेको छ ।

चन्द्रनगर गाउँपालिकाका



अध्यक्ष राजकुमार महतोले पालिकामार्फत लाइसेन्स वितरण गर्ने व्यवस्थाले सेवाग्राहीलाई सहज भएको बताए । सरकारले चाहेमा सार्वजनिक सेवा नागरिकको नजिकै पुर्याउन सकिन्छ भन्ने उदाहरणका रूपमा यसलाई लिन सकिने उनको भनाइ छ ।

यातायात व्यवस्था कार्यालय बर्दिबासका प्रमुख राकेश यादवका अनुसार हाल सर्लाही, महोत्तरी र धनुषामा पालिकामार्फत लाइसेन्स वितरण सुरु गरिएको छ । निकट भविष्यमा सिन्धुलीसहित अन्य जिल्लाका पालिकालाई समेत एकमुष्ट रूपमा लाइसेन्स हस्तान्तरण गर्ने तयारी भइरहेको उनले जानकारी दिए । महोत्तरीका केही पालिकाले सेवाग्राहीको घरसम्मै पुगेर लाइसेन्स वितरण गरेको कार्यालय प्रमुख यादवले बताए । सेवाग्राहीको सहजतालाई ध्यानमा राख्दै प्रत्येक शनिबार र आइतबार बिदाको दिनसमेत पालिकामै पुगेर लाइसेन्स वितरण गर्ने व्यवस्था मिलाइएको उनको भनाइ छ ।

यस अभियानमा मधेश प्रदेशको श्रम तथा यातायात मन्त्रालयका सचिव रञ्जितकुमार यादव तथा यातायात व्यवस्था कार्यालयका प्रमुखसहितको टोली सहभागी हुँदै आएको छ । महोत्तरीमा लाइसेन्स वितरणका क्रममा प्रदेश सरकारकी श्रम तथा यातायात मन्त्री शारदादेवी थापासमेत सहभागी भएकी थिइन् ।

सरकारले सार्वजनिक सेवालाई नागरिकको घरदैलोमै पुर्याउने नीतिअनुसार लाइसेन्ससँगै राष्ट्रिय परिचयपत्र, नागरिकतालगायतका सेवा पनि स्थानीयस्तरबाटै उपलब्ध गराउने प्रयासलाई अघि बढाएको छ ।

# ग्राभेलमा पुरिएर एकको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको एक क्रसर उद्योगमा टिपर पल्टिँदा ग्राभेलले पुरिएर क्रसर सञ्चालकको मृत्यु भएको छ । धनुषाको मिथिला नगरपालिका-३ लालभित्तीस्थित



औरही खोला किनारमा सञ्चालित औरही बाबा बालुवा प्रशोधन उद्योगमा दुर्घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार बुधबार साँझ ग्राभेल लोड गरिएको टिपर उद्योग परिसरमै पल्टिँदा त्यसमा रहेको ग्राभेलले पुरिएर ३८ वर्षीय हरि महतो गम्भीर घाइते भएका थिए । उपचारकै क्रममा महतोको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रदेश २-०२-००१ ख ०१७१ नम्बरको टिपरमा क्रसरभित्र ग्राभेल भर्ने क्रममा टिपर पल्टिएको प्रहरीले जनाएको छ । टिपर पल्टिएपछि त्यसमा रहेको बालुवा तथा गिट्टीले पुरिएका महतोलाई तत्काल उद्धार गरी उपचारका लागि जनकपुरधामस्थित जानकी मेडिकल कलेजमा लगिएको थियो ।

घटनामा टिपर चालक गणेशमान चारनाथ नगरपालिका-६ का ३० वर्षीय हरि विकसमेत घाइते भएका छन् । टिपर पल्टिँदा उनको खुट्टामा चोट लागेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८